- बालबालिकाको संरक्षण र विकासमा ध्यान दिऔं ।
- बालबालिकामाथि हुने हिंसाको उजूरी प्रहरीमा गरौं ।
- बालबालिका बेचबिखन र तस्करी नियन्त्रण गरौं ।
- बालबालिकालाई परिवारिक वातावरणमा हुर्कने अवसर दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख १५ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 28 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३७

### नारायणी वयोधा अस्पतालको ठगी

## मरेको व्यक्तिको उपचार, ६ घण्टामा रु छ लाखको बिल

प्रस, वीरगंज, १४ वैशाख/

नारायणी वयोधा अस्पतालले उपचारको नाममा लुट्ने काम गरिरहेको जीतपुरसिमरा उपमहानगरपालिका–२ निवासी विजय चौरसियाले आरोप लगाएका छन् ।



पत्रकार सम्मेलनमा विजय चौरसियालगायत । तस्वीरः प्रतीक

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा बिहीवार पत्रकार सम्मेलन गरी चौरसियाले भाइको उपचारको क्रममा अस्पतालले छ घण्टामा छ लाख बिल बनाएर लुटेको बताए ।

उनले वैशाख १२ गते मङ्गलवार राति सिमरा विमानस्थल क्षेत्रमा मोटरसाइकल दुर्घटनामा परी भाइ विजय चौरसिया र धीरज गुरुङ घाइते भएको र दुवैलाई उपचारको लागि मेडिसिटी वयोधा अस्पताल, वीरगंजमा भर्ना गरिएको बताए । उनले घाइते भाइ र गुरुङको मृत्यु भइसकेको र उनीहरूको उपचारको क्रममा अस्पतालले छ घण्टामा छ लाखको बिल बनाएको बताए ।

घाइते भाइ चौरसियाको सिटीस्क्यान रिपोर्टबाट शल्यक्रिया गर्ने अवस्था नरहेको भएपनि अस्पतालले बिल बढाउनको लागि शल्यक्रिया गरेको र त्यसको बिल मात्र रु तीन लाखको बनाएको आरोप लगाए । छ घण्टामा औषधि उपचारमा मात्र रु ४८ हजारको औषधि खरीद गराउन लगाएको र केही घण्टापछि रु ४० हजारको औषधि फिर्ता गर्न लगाएको बताए ।

चौरसियाले भाइको मृत्यु भइसकेको आफूले थाहा पाइसके पनि अस्पतालले असामान्य अवस्था रहेको भन्दै शल्यक्रिया गरेको बताए । शल्यक्रिया शुल्क एक लाख ९२ हजार, ओटी चार्ज एक लाख पाँच हजार, एनेस्थेसिया चार्ज रु ५२ हजारलगायतका बिलहरू थमाएको बताए ।

उनले यसबारेमा सोधपूछ गर्दा अस्पतालले केही स्थानीय बाउन्सरहरू लगाएर तर्साउन खोजेको र आफूमाथि दुर्व्यवहार गरेको बताए । उनले अन्य उपचार खर्चको बिल माग्दा नदिएको आरोप लगाए । अस्पतालले उपचारबापत लाग्ने खर्चको विवरण सबैले देख्नेगरी राख्नुपर्नेमा सो नगरिएको र मनपरीरूपमा चार्ज गर्ने गरेको उनले बताए ।

चौरसियाले नारायणी वयोधा अस्पतालले बिरामीहरूबाट फिल्मी स्टाइलमा लूट मचाइरहेको बताए । बिरामीको उपचारको सन्दर्भमा परिवारसँग सल्लाह नगर्ने, जथाभावी उपचार गरेर बिल थमाउने काम गैरकानूनी कार्य भएको उनले बताए । सम्बन्धित व्यक्तिले त्यत्ति रकम तिर्न सक्छ, सक्दैन सोबारे नबुझेर भर्ना भएको बिरामीको अन्धाधुन्ध उपचार गर्ने र सोबापतको रकम माग गर्नु गैरकानूनी भएको भन्दै यस सम्बन्धमा सम्बन्धित पक्षले पहल गर्नुपर्ने बताए । यो उपचारमा यति खर्च लाग्छ भनी बिरामी वा परिवारसँग सल्लाह गर्नुपर्नेमा त्यस्तो केही नगरिएको उनको भनाइ छ । बिरामी भर्ना हुने बित्तिकै उसको हैसियतसमेतको आकलन नगरेर जथाभावी उपचार गरेको देखाउने र बिल थमाउने र सोको विरोध गर्दा बाउन्सर लगाउने कार्यविरुद्ध प्रहरी प्रशासनले चासो देखाउनुपर्ने उनको भनाइ छ ।

### भिस्वा नाकामा सर्वसाधारणलाई सास्ती, तस्करको रजाइँ

## दुवैतर्फबाट लागूऔषधको कारोबार पनि बढ्दै

सुग्रीव साह, भिस्वा, १४ वैशाख/

पर्सा जिल्ला छिपहरमाई गाउँपालिकाको भिस्वा र भारतको सिक्टा बजारबाट अहिले निर्बाधरूपमा तस्करी शुरू छ ।



ट्याक्टरमा दाइजोको सामान भारत लैजान नदिएपछि बोकेर लग्दै । तस्वीरः प्रतीक

राति १० बजेदेखि तस्करहरूलाई लाइन दिइएको छ र यताको सामान उता र उताको सामान यता आउने क्रम शुरू भएको छ । नेपालबाट कस्मेटिक, गिट्टी, बालुवालगायतका सामानहरू तस्करहरूले भारत पुऱ्याउने गरेका छन् भने भारतको सिक्टा बजारबाट कपडा, खाद्यान्न, हार्डवेयरलगायतका सामान ल्याउने गरेका छन् । रातभरि तस्करी हुन्छ तर दिउँसो भने दुवैतर्फका सुरक्षाकर्मीहरूले नाकामा कडाइ गरेको नाटक रच्छन् । घरायसी सामानहरू आवतजावतमा पनि उनीहरूले कडाइ गरेका छन् ।

अहिले विवाहको समयमा नेपालीहरूले भारतमा र भारतीयहरूले नेपालमा वैवाहिक कार्यक्रम गरेर पाउने दाइजोका सामानहरूमा सुरक्षाकर्मीहरूले कडाइ गरेका छन् । दुवैतर्फबाट फर्निचरलगायतका सामानहरू ल्याउन–लैजान सुरक्षाकर्मीहरूले अवरोध गर्दै आएका छन् । वैवाहिक कार्यक्रममा पाइने फर्निचरहरू सवारीसाधनबाट ओसारपोसार गर्न रोक लगाइएको छ । पलङ, दराज, सोफासेटलगायतका सामानहरू आफैंले बोकेर लैजानुपर्ने बाध्यकारी अवस्था बनाइएको छ । दुवैतर्फका मानिसहरूले लामो सीमा पार गर्दा आफैंले फर्निचर बोकेर जाँदा अहिले समस्या भइरहेको छ ।

### लागूऔषधको कारोबार पनि बढ्दो

तस्करीको लागि वीरगंजपछि पर्सा जिल्लामा चर्चित भिस्वा नाकामा अहिले लागूऔषधको कारोबार फस्टाएको छ । नेपालबाट चरेस, गाँजा जाने गरेको छ भने अहिले सिकटाबाट लागूऔषध फेनारगान, डाइजेल्याब, नुर्फिन, नाइट्रोभ्याट नेपाल भित्रिने गरेको छ । लागूऔषधको कारोबार फस्टाएको कारण यो नाकामा अहिले चहलपहल बढेको छ ।

भिस्वाबाट काठमाडौंसम्मको यात्राका लागि बससेवा बढ्दै गएकाले पनि यहाँबाट लागूऔषधको कारोबार फस्टाएको स्थानीयहरूको बुझाइ छ । सीधैं काठमाडौं पुग्न सक्ने वातावरण सिर्जना भएकोले यो नाकाबाट लागूऔषध भारतबाट ल्याउने र काठमाडौंसम्म पुऱ्याउने काम भइरहेको जानकारहरू बताउँछन् । वीरगंज नाकाबाट लागूऔषध भित्र्याउँदा चेकजाँच बढी भएकोले पछिल्लो समय तस्करहरू सीमावर्ती क्षेत्रका ठोरी, भिस्वा, पोखरियालगायतका क्षेत्रबाट लागूऔषधको कारोबार शुरू गरेका छन् ।

## कर्मचारीले राजनीति र नेताले गापालाई कमाइखाने भाँडो बनाएपछि विवाद शुरू

प्रस, वीरगंज, १४ वैशाख/

पर्सामा रहेका अधिकांश पालिकामा विवाद शुरू भएपछि सेवाग्राही मारमा परेका छन् । जनप्रतिनिधिहरू राजनीति गर्न छाडेर पैसा कमाउन थालेका छन् भने कर्मचारीहरू राजनीति गर्न थालेपछि आधा दर्जन पालिकामा विवाद देखिएको छ ।



धोबिनी गापामा तालाबन्दी गरिएको दृश्य । तस्वीरः फाइल

छिपहरमाई, विन्ध्यवासिनी, धोबिनी, पकाहामैनपुर, कालिकामाई गाउँपालिका र पोखरिया नगरपालिकामा विवाद शुरू भएको छ । धोबिनी गापा कार्यालयमा उपाध्यक्ष पक्षधरका वडाध्यक्षहरूले एक सातादेखि तालाबन्दी गरेका छन्, जसले गर्दा सबै काम ठप्प भएको छ । गापाअध्यक्ष र कर्मचारी समयमा कार्यालय नआउने गरेको भन्दै वडाध्यक्षहरूले गरेको तालाबन्दी खुलाउन कसैले पहल गरेका छैनन् ।

गापाअध्यक्ष मदन चौहानले उपाध्यक्षलगायत सबै वडाध्यक्षसँग मौखिक सहमतिमा केही कर्मचारीलाई हटाएको बताए । गापामा आर्थिक भार बढ्दै गएकोले कर्मचारीहरू हटाइएको अध्यक्ष चौहानको भनाइ छ । तर अहिले विपक्षीहरूले त्यसैको मुद्दा बनाएर तालाबन्दी गरेको उनले बताए ।

विन्ध्यवासिनी गापामा पनि विवाद देखिएको छ । दोस्रो गाउँभेलामा सहमतिबेगर रकमान्तर गरिएको, केही वडाको बजेट कटौती गरिएको र गाउँसभामा एकलौटी निर्णय गरिएको कारण विवाद देखिएको छ, जसले गर्दा प्रमुख कार्यकारी अधिकृतलगायत गापा अध्यक्ष प्रमोद तिवारी कार्यालयमा गएका छैनन् । उनले घरमैं बसी कार्यालय सञ्चालन गरिरहेको कर्मचारीहरू बताउँछन् । नयाँ योजना सञ्चालन तथा भुक्तानी वीरगंजबाटै हुने गरेको बताइन्छ ।

पकाहामैनपुर गापामा यसभन्दा अघिका कार्यालय प्रमुखले राजनीति गरेको भन्दै केही महीनाअघि राज कुशवाहालाई प्रमुख कार्यकारी अधिकृत बनाइ सरुवा गर्दा ठूलै विवाद भएको थियो । जसले गर्दा केही जनप्रतिनिधिहरू अहिले पनि विपक्षीको भूमिकामा छन् ।

छिपहरमाई गापा निमित्त कार्यालय प्रमुखको भरमा चल्दै आएकोमा राकेश ओझा प्रमुख प्रशासकीय अधिकृतमा आएपछि उनी विवादमा तानिएका थिए । जसले गर्दा अहिले पनि अधिकांश जनप्रतिनिधि उनकोविरुद्धमा रहेको देखिन्छ । बहुमत विपक्षीसँग रहेको र विपक्षीको धाकले कामकाजमा अवरोध गर्ने गरेको हुँदा विवाद भइरहेको छ ।

कालिकामाई गापामा विवाद शुरू भएको दुई आर्थिक वर्ष हुन थालेको छ ।

(बाँकी अन्तिम पातामा)

## वन क्षेत्रको अतिक्रमण हटाइ वृक्षारोपण गरिने

प्रस, निजगढ, १४ वैशाख/

बाराको वन क्षेत्रमा अतिक्रमण हटाइ वृक्षारोपणलाई निरन्तरता दिने भइएको छ । जिल्ला वन सुरक्षा समन्वय समितिको बिहीवार सम्पन्न बैठकले उक्त निर्णय गरेको हो ।

डिभिजन वन कार्यालय, बारामा बसेको बैठकले कोल्हवी नगरपालिका, निजगढ नगरपालिका, जीतपुरसिमरा उपमहानगरपालिका लगायत बाराको राष्ट्रिय, सामुदायिक, साझेदारी वन क्षेत्रका विभिन्न स्थानमा वर्षौंदेखि हुँदै आएको अतिक्रमण हटाइ तदारूकताका साथ वृक्षारोपण गरिने निर्णय भएको डिभिजन वन कार्यालय, बाराका प्रवक्ता एवं सहायक वन अधिकृत जवाहरलालप्रसाद कुर्मीले जानकारी दिए ।

कार्यक्रममा डिभिजनल वन अधिकृत विनोद सिंहले बाराका वन क्षेत्र अन्तर्गत विभिन्न स्थानमा भइरहेको वन क्षेत्र अतिक्रमणबारे विस्तृत जानकारी दिंदै हालसम्म १० हजार हेक्टर वन क्षेत्र वर्षौंदेखि अतिक्रमण हुँदै आएकोले वन क्षेत्र अतिक्रमणको अवस्था वर्षौंदेखि



तस्वीरः प्रतीक

भयावह रहेकोसमेत बताए । करीब २५० हेक्टर वन क्षेत्र पुनः वनमा फर्काइ वृक्षारोपण गरिएकोसमेत उनले जानकारी दिए ।

वनका कर्मचारीहरू वन संरक्षणमा

(बाँकी अन्तिम पातामा)

नेपाल सरकार
राष्ट्रिय भूमि आयोग, जिल्ला समिति पर्सा
अनुसूची–८
(दफा १३ उपदफा (४) को प्रयोजनका लागि)
नापी कार्यालय, पर्सा

**नापनक्शाको लागि १५ दिने सूचना**

प्रकाशित मितिः २०८०/०१/१५

**नापी टोली नं ४, ५ बाट जारी भएको नापनक्शा शुरू हुनेसम्बन्धी सूचना**

राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि पर्सागढी नगरपालिका वडा नं २ भित्रको मिति २०८०/०१/१६ गते आयोग/जिल्ला समिति र स्थानीय तहले पहिचान र छनोट गरेको सरकारी जग्गाको नापनक्शा मिति २०८०/०२/०१ देखि शुरू हुने भएकोले सम्बन्धित व्यक्तिहरूले नापनक्शा हुँदाको समयमा आआफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि, उपलब्ध अन्य प्रमाण र निवेदन दर्ताको निस्सा लिई उपस्थित भई आफूले आबाद कमोत गरेको जग्गाको साँध सिमाना घुमी देखाइ नापी गराउनुहोला । नापी हुने विषयमा अरू जानकारी चाहिएमा सम्बन्धित टोली मुकाममा आई बुझ्न सक्नुहुनेछ ।

**टोली मुकाम**
**राष्ट्रिय भूमि आयोग, पर्सा**
**जिल्ला समन्वय समितिको भवनमा**

**नारायणकुमार श्रेष्ठ**
**सदस्य-सचिव**
Email: parsa@dos.gov.np,
bhumiaayogg@gmail.com

## विचारसार र सूक्तिहरू

**मुखबाट निस्केको अपशब्द आकाशतिर फर्याँकेको ढुङ्गाजस्तै हो, जुन फर्केर फर्याँक्ने मानिसको टाउकोमा बज्रन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# निरीह ठाकुर राम

**काठमाडौं खाल्डोबाहिर पहिलोचोटि शिक्षाको ज्योति बाल्ने ठाकुर राम बहुमुखी क्याम्पस आज निरीह बनेको छ। मुलुकको शैक्षिक क्रान्तिमा ठाकुर रामको भूमिका अतुलनीय छ। त्यस बेला उपत्यकाको एकमात्रै विकल्प ठाकुर राम थियो । विकल्पको लागि मात्रै होइन, शिक्षाको गुणस्तर तथा शिक्षामैत्री वातावरणको लागि पनि ठाकुर राम अब्बल थियो । 'कलेज होस् त ठाकुर राम जस्तो' उपत्यकाबाहिर अन्य धेरै कलेज सञ्चालनमा आइसक्दा पनि यो भनाइ चलेको थियो। मेचीदेखि महाकालीसम्मका विद्यार्थीहरू यहाँ शिक्षा आर्जन गर्न आउँथे। प्राध्यापक, लेखक, साहित्यकार, चिकित्सक, इन्जिनीयर, कलाकार, उद्योगी, व्यवसायी, नाम चलेका नेता, प्रशासकसमेत ठाकुर रामको उत्पादन आज पनि मुलुकका महत्त्वपूर्ण भूमिकामा छन् । प्रजातन्त्र तथा लोकतान्त्रिक आन्दोलनमा ठाकुर रामको नाम सुनेपछि शासकहरू थर्कमान हुन्थे। मुख्यतः वीरगंजको पहिचानमा ठाराबको अतुलनीय भूमिका छ । आज त्यही ठाराब शुभेच्छुकविनाको बेसहारा र निरीह बनेको छ ।**

**सन्तान टन्नै भएर पनि उपेक्षित वृद्ध आमाबुबाजस्तो ठाकुर रामको अवस्था छ। सम्पत्तिका लागि आफ्नै सन्तानले अवसान कुरिरहेका वृद्ध आमाबुबाजस्तो अवस्था छ। बेला न कुबेला टन्न जाँड धोकेर आएका सन्तानले पैसा माग्दै, चिथोर्दा थिलथिलो परेको आमाबुबाजस्तो ठाकुर रामको नियति बन्दैछ। भोलिका कर्णधार युवा विद्यार्थीहरू नै राजनीतिक प्रतिशोधमा आँखा चिम्लेर आफ्नै क्याम्पसलाई अचानो बनाइरहेका छन्। माया, संरक्षण र सद्भाव दर्शाउनुपर्ने शिक्षाको मन्दिरमा आगो झोसेर दन्दनी दन्काउनसमेत पछि परेनन्। पटकपटक विद्यार्थीले तालाबन्दी गरेर वाक्कदिक्क पारेको क्याम्पसमा कर्मचारी पनि भ्याइनभ्याइ तालाबन्दी गरिरहेका छन् । अध्यापक, प्राध्यापकको आन्दोलन त आवधिकरूपमा यसले भोग्दै आएको छ। सरकारी कलेज फस्टाएको मन नपराउनेहरू कतिपयको व्यवहार, वातावरण उत्तेजित पार्ने र क्याम्पसलाई असहयोग गर्ने किसिमको छ । यति हुँदा पनि नपुगेर त्रिवि परीक्षा बोर्डले घाउमा नून छर्कने काम गर्‍यो । यी हर्कतका परिणाम ठाकुर रामबाट विद्यार्थी विस्थापित हुने हुन्। सम्पन्नका छोराछोरी ठाकुर राम पढ्न होइन, राजनीति गर्न जान्छन् । ताकि भोलिका राजनीतिक खुडकिला उक्लन सहज होस्। विपन्नका छोराछोरी ठाकुर राम जाने हुन्, तर कुनै न कुनै बहानामा यहाँको शैक्षिक वातावरण धूमिल भइरहेका छन् ।**

**शैक्षिक संस्थाको गहना वा सम्पत्ति भनेका विद्यार्थी हुन् । अहिले पनि ठाकुर राममा करीब १० हजार विद्यार्थी अध्ययनरत छन् । धेरैको आँखा गडेको यसैमा हो । यसमा परीक्षा बोर्डले ठूलो भूमिका निर्वाह गरिरहेको छ । ठाकुर रामको परीक्षा केन्द्र वीरगंजबाहिर पार्नुमा कुनै तर्कसङ्गत कारण छैन । यो त ठाकुर रामप्रति विद्यार्थी आकर्षित नहोस् भन्ने चाल मात्रै हो । प्रचण्ड गर्मीको बेला परीक्षार्थीले आफ्नो सवारी र बासको समेत प्रबन्ध मिलाउन नपाउने गरी बाहिर परीक्षा केन्द्र तोकिनुमा के कारण हुन सक्छ ? वीरगंजमा सुरक्षा र भौतिक पूर्वाधारको अभाव छैन । क्याम्पस परिवारदेखि त्रिविसम्मको भूमिका ठाराबलाई विद्यार्थीविहीन पार्ने देखियो । हिजो ठाकुर रामले जन्माएका बौद्धिक जमात चुप छ । शायद उनीहरू पनि ठाकुर राम बिग्रनुमा नै कुनै न कुनै रूपले फाइदा देखिरहेका हुन सक्छन् ।**

# भ्रष्टाचारको रोगले स्वास्थ्य क्षेत्र पनि प्रभावित

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**कोभिड-१९ को नाममा स्थानीय तह, प्रादेशिक सरकार र सङ्घीय सरकारमा समेत अनियमितताका समाचारहरू आए तर प्रादेशिक सरकार र स्थानीय तह यसमा अग्रपङ्क्तिमा रहे । मधेस प्रदेशमा भ्रष्टाचारका घटना उत्कर्षमा रहँदै आएका छन् ।**

नेपालमा सङ्घीयताको आवश्यकता र औचित्यमाथि प्रश्न उठिरहेकै बखत कोभिड-१९ रोकथाम तथा व्यवस्थापनको नाममा मधेस प्रदेशमा लूट नै मच्चिएको पाइएको छ । महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रदेशको पाँचौं प्रतिवेदनमा गत आव २०७८/७९ मा मधेस प्रदेश सरकारले ४५ करोड ६३ लाख रुपैयाँ र जिल्ला विपद् व्यवस्थापन समितिमार्फत रु पाँच करोड ८० लाख प्रादेशिक अस्पतालले पाएको छ। तर त्यो रकम कहाँ र कुन शीर्षकमा खर्च गरिएकोबारे विवरण उपलब्ध नगराएकोले विश्लेषण गर्न नसकिएको महालेखाको भनाइ छ । अर्को शब्दमा भन्नुपर्दा कोभिड-१९ महामारीको पहिचान, रोकथाम तथा उपचारका लागि आवश्यक सामग्री खरीदका नाममा मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत प्रादेशिक अस्पतालदेखि विभिन्न निकायले रकम खर्च गरे पनि कहाँ खर्च गरिएकोबारे उल्लेख छैन। स्थानीय तह होस् अथवा प्रादेशिक सरकार भ्रष्टाचार गर्ने सवालमा यी दुवैबीच प्रतिस्पर्धा नै चलेको थियो, चलिरहेकै छ। स्थानीय तह र प्रादेशिक सरकार अन्तर्गत भइरहेका भ्रष्टाचारका घटना यति व्यापक छ कि केही दिनमा जनता नै यसको खारेजीको पक्षमा नारा लगाउँदै सडकमा आउनेछन् । सङ्घीय मूल्य, मान्यता, आवश्यकता र औचित्यबारे बुझ्न नसकेका नेपालका राजनीतिक दलहरूले यसलाई कार्यकर्ता भर्ती थलो बनाउने काम गरे । स्थानीय तह र प्रादेशिक सरकारहरूद्वारा भइरहेका भ्रष्टाचारका घटनाले जनतालाई आक्रोशित बनाइरहेको छ । नेपालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसित कर्मचारीको अभाव नभएको भए ९० प्रतिशत स्थानीय तहका जनप्रतिनिधि र जिम्मेवार कर्मचारी हिरासतमा हुने थिए। महालेखापरीक्षकको कार्यालयको केवल स्वास्थ्यसम्बन्धी एउटा प्रतिवेदन यति भयावह र दुःखद छ भने अन्य मन्त्रालयको प्रतिवेदन कस्तो होला ?

प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा गत आवमा एक अर्ब ८० करोड २८ लाख ६४ हजार विनियोजन गरेको छ । क्वारेन्टाइन व्यवस्थापन खर्च सङ्घीय सरकारबाट भएपनि प्रदेश सरकारबाट आठवटै जिल्ला प्रशासन कार्यालयलाई रु सात करोड निकासा, विद्यालयमा प्रत्येक विद्यार्थीबापत दुई सयको दरले र प्रत्येक स्थानीय तहलाई रु १० को दरले कोभिड नियन्त्रणका नाममा दिइए पनि खर्च स्रोतको अभिलेख र प्रगति विवरण कुनै निकायले उपलब्ध नगराएको प्रतिवेदनमा उल्लेख छ । प्रतिष्ठानको मुजेलियास्थित मणिपालमा कोभिड अस्पताल सञ्चालन गर्न भवन मरम्मत, मेडिकल उपकरण तथा अन्य सामग्रीहरू तथा एक निजी कम्पनीलाई एक करोड ५९ लाख ९३ हजारको सामग्री बुझाउँदै प्रदेश सरकारबाट दुई करोड ५३ लाख भुक्तानी गरिएको छ । खानेपानी व्यवस्थापन, विद्युत् व्यवस्थापन, सेनिटाइजरलगायतको खर्चमा विनाबिल भरपाई १९ लाख ४८ हजार भुक्तानी गरिएको छ ।

प्रतिष्ठानले कोभिड अस्पतालमा अक्सिजन प्लान्ट दुई थान खरीद गर्न एक निजी कम्पनीलाई ११ दिनमा सामान दिने गरी एक करोड ४६ लाख ९० हजार सामान प्राप्त नगर्दै भुक्तानी गरेको छ। पछि सामान प्राप्त भएपछि हाल त्यो खुल्ला आकाशमुनि प्रयोगविहीन अवस्थामा छ। सङ्घीय सरकारले पनि रु १० करोड प्रादेशिक अस्पतालमा अक्सिजन प्लान्टको लागि निकासा गरेको छ तर त्यसको कुनै हिसाबकिताब अस्पतालसँग छैन ।

मणिपालस्थित कोभिड अस्पतालको अक्सिजन भ्याकुमलगायत ३७ प्रकारका उपकरण खरीदका लागि एक निजी कम्पनीलाई ९५ लाख १२ हजार भुक्तानी गरिएको छ । सो कार्यको लागि पाँच दिनको मात्र अवधि दिएर बोलपत्र आह्वान गरी २४ दिनपछि एकमात्र बोलपत्र पेश गरेकालाई रु ९८ लाख ८३ हजारको सम्झौता गरी रकम भुक्तानी गरिएको छ। विशेष परिस्थिति भनिए पनि २४ दिनपछि एकमात्र बोलपत्रमा सम्झौता गरिएको र कानूनसम्मत नमिलेको भन्दै आफूअनुकूल कम्पनीसँग कारोबार गरिएको महालेखाको भनाइ छ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्था केन्द्रबाट क्वारेन्टाइनमा बस्ने व्यक्तिको लागि खाद्यान्न, टिसर्ट, तौलियालगायतका सामग्री खरीदमा मात्रै एक करोड ८८ लाख ८० हजार खर्च भएको छ तर क्वारेन्टाइनमा बस्ने व्यक्तिको अभिलेख नहुँदा खर्च रकम यकीन गर्न नसकिएकोले अभिलेख पेश गर्न महालेखाले भनेको छ।

प्रदेश सरकारबाट प्रदेशभित्रका १४ अस्पताललाई रु पाँच लाखको दरले रु ७० लाख र प्रादेशिक अस्पताललाई रु ८५ लाख औषधि र अक्सिजनलगायतका सामग्री खरीदका लागि दिइएको छ तर ती रकम खर्चको विवरण उपलब्ध नभएका कारण महालेखाले विश्लेषण गर्न सकेको छैन। यीबाहेक कोभिडमा खटेका चिकित्सक तथा कर्मचारीले अझै तलबभत्ता पाउन सकेका छैनन्। कोभिड अस्पतालमा खटेका चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरूको तलबभत्ता रु डेढ करोडभन्दा बढी रहेको छ तर अहिलेसम्म त्यो बाँकी नै रहेको छ । स्वास्थ्य विज्ञान प्रतिष्ठानले ती स्वास्थ्यकर्मीलाई सङ्घीय सरकार अन्तर्गत रहेको प्रादेशिक सरकारले खटाएको र हरहिसाब पुरानै कर्मचारीको मातहत रहेकाले आफूले दिन नसक्ने बहाना बनाउँदै आएको छ भने प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले मन्त्रालयबाट रकम पठाइसकेकोले दिन नमिल्ने भन्दै आएको छ। एक किसिमले प्रादेशिक स्वास्थ्य मन्त्रालय र मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान यस विषयमा एकमत छैनन्। जबकि पीडित कर्मचारीले उच्च अदालतमा पनि आफ्नो पक्षमा फैसला गराइसकेका छन्।

मधेस प्रदेशलाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लैजान र जनतालाई स्तरीय सेवा प्रदान गर्न स्वास्थ्यसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको प्रवर्द्धन तथा आवश्यक जनशक्ति तयार गर्न मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरिएको हो । प्रतिष्ठान गठन हुँदा यहाँबाट गुणस्तरीय सेवा प्रदान गर्ने र स्वास्थ्य सेवामा जनताको सहज पहुँच गराउने उद्देश्य थियो। तर समस्या समाधानमा मधेस प्रदेश सरकारले वास्ता नगरेको गुनासो मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका कुलपति डा रामकेवल साहको रहेको छ । देशको एक प्रतिष्ठित चिकित्सक निकै उत्साही भएर आफ्नो गृह प्रदेशमा स्वास्थ्यको क्षेत्रमा केही गर्न सकिएला कि भन्ठानेर यहाँ आएका थिए तर उनको मनोबल बढ्न सकेको छैन ।

जनशक्ति अभाव, भौतिक संरचनाको कमी, फोहर व्यवस्थापनमा उदासीनता, खानेपानी र बिजुलीबत्तीको उचित व्यवस्थापन नहुनु र कमजोर प्रशासनजस्ता बेथितिले अस्पताल आफैं थलिएको छ । मधेस प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयद्वारा २०७७ फागुन ५ गते मधेस स्वासस्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरी प्रादेशिक अस्पताललाई सोही अन्तर्गत समाहित गरिएपछि अस्पतालको अवस्था अझ बढी अस्तव्यस्त भएको दाबी प्रादेशिक अस्पतालको छ । हुनत प्रादेशिक अस्पतालको यो बेथिति आजदेखि मात्रै होइन। जनकपुर प्रादेशिक अस्पतालसहित देशभरिकै सरकारी अस्पतालमा स्वास्थ्य माफियाको बिगबिगी रहेको छ । सर्वसाधारण जनता जो आर्थिक कारणले असहाय र कमजोर छन्, तिनीहरू मात्रै सरकारी अस्पतालमा जान्छन् तर सरकारी अस्पतालका चिकित्सक, कर्मचारी र अस्पताल व्यवस्थापन समिति यति बढी स्वार्थी हुन्छन् कि त्यस्ता गरीब वर्गको नाममा केही कमाउन नै खोजिरहेका हुन्छन् । स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा गत माघको अन्त्यमा आयोजित एक गोष्ठीमा यहाँ अस्पतालमा फोहर होइन, फोहरमैं अस्पताल छ भन्ने टिप्पणी डा रामकेवल साहले गरेका थिए। फोहर व्यवस्थापनको ठूलो समस्याबाट जनकपुरको प्रादेशिक अस्पताल ग्रसित छ । मधेस प्रदेश सरकारले केवल सस्तो लोकप्रियताका लागि जथाभावी आयोग र प्रतिष्ठान गठन गर्ने गरेको छ। न भौतिक पूर्वाधार, न कर्मचारी व्यवस्थापन, न आवश्यक ऐन, कानून र नियमावलीको निर्माण, केवल सस्तो लोकप्रियता हासिल गर्न आयोग गठन गर्ने काम भएको छ । स्वास्थ्य विज्ञान प्रतिष्ठानजस्तो संवेदनशील एवं महत्त्वपूर्ण निकायले पनि राम्ररी जिम्मेवारी पाएको छैन ।

कोभिड-१९ को नाममा स्थानीय तह, प्रादेशिक सरकार र सङ्घीय सरकारमा समेत अनियमितताका समाचारहरू आए तर प्रादेशिक सरकार र स्थानीय तह यसमा अग्रपङ्क्तिमा रहे। मधेस प्रदेशमा भ्रष्टाचारका घटना उत्कर्षमा रहँदै आएका छन् ।

# 'चलचित्र समीक्षा' जारी : अव्यक्त प्रेमको मिठास

-भेषराज कार्की
काठमाडौं, १४ वैशाख/रासस

प्रदर्शनरत चलचित्र 'जारी'ले दर्शकको राम्रो साथ पाएको छ। उपेन्द्र सुब्बाको लेखन तथा निर्देशन रहेको चलचित्र नयाँ वर्षको छेको पारेर यही वैशाख १ गते रिलिज भएको हो । वितरकका अनुसार यसले पहिलो सातामा सात करोड बढीको व्यापार गरेको छ। कवि उपेन्द्र सुब्बाले पटकथाकार हुँदै यसै चलचित्रमार्फत निर्देशनमा पाइला टेकेका छन् ।

चलचित्रमा दयाहाङ राई र मिरुना मगर मुख्य भूमिकामा छन्। 'जारी'का निर्माता रामबाबू गुरुङ हुन् । लिम्बू संस्कृतिलाई आम दर्शकले बुझ्ने गरी प्रस्तुत गरिएको चलचित्रमा पालम, युप्पारुङ, धान नाच, जाँड संस्कृतिलाई पटकथामा उनेर जारी प्रथाले पतिपत्नीबीचको सम्बन्धमा ल्याइदिने आरोह-अवरोहलाई प्रस्तुत गरिएको छ।

चलचित्र पति नाम्साङ (दयाहाङ राई) र पत्नी हाङ्मा (मिरुना मगर)मैं केन्द्रित छ। विसं २०५२ को परिवेशमा तयार पारिएको चलचित्र तत्कालीन समयको संस्कृति, भाषा र पहिरनको दस्तावेज बनेको छ। चलचित्र नाम्साङ



तस्वीरः रासस

र हाङ्माको झगडाको दृश्यबाट शुरू हुन्छ। बिहेको पाँच वर्ष बितिसक्दा निस्सन्तान दम्पती हुनु नै उनीहरूबीच हुने कलहको कारण हो।

सन्तान नहुनुको कारक आफू बन्नुपरेपछि हाङ्मा खुशी छैनन्। किनकि दोष उनले मात्र खेप्नुपरेको छ । त्यही सिलसिलामा आफ्नो पतिलाई एकपटक 'नामर्द' भनेपछि झगडा उत्कर्षमा पुग्छ। हाङ्माले युप्पारुङ फालेर घर छोडेर माइत जान्छिन्। नाम्साङले हाङ्मालाई फर्काउन छरितोपन देखाउँदैनन्। त्यही क्रममा पालममा जितेर अर्कैले हाङ्मालाई पत्नी बनाउँछ।

हाङ्माको परिवारले जारी तिर्न नसकेपछि पूर्वपतिको घरमा गोठाला बन्न पुग्छिन् । पूर्वपत्नीलाई जारी तिर्न ल्याएपछि नाम्साङलाई प्रश्नसमेत तेर्सिन्छ। बेहुली बनेर ससम्मान भित्रिएको घरमा हाङ्मा पस्न पाउँदिनन् । उनी गोठमैं बस्छिन् र आफ्नो काम गर्छिन्। त्यही क्रममा नाम्साङलाई अर्को विवाहका लागि उनका बुबा सुब्बाले कर गर्छन् । केटी खोज्न केही गाउँमा नाम्साङसँगै उनका साथीहरू पनि पुग्छन् । तर पत्नी छाडेको भनेपछि सहज हुँदैन। पालम गाउन नआउने नाम्साङले मेलाबाट पनि जोडी पाउँदैनन्। त्यस दौरान नाम्साङको आमा बिरामी हुन्छिन्। उनको स्याहारसँगै घरेलु काममा व्यस्त हाङ्मालाई आफ्नै घर फर्काउने प्रयास उनका भाइले गरिरहेका हुन्छन् ।

जारी तिर्ने रकम नहुँदा घर फर्काउन सम्भव हुँदैन । एक दिन नाम्साङको आमाको देहान्त हुन्छ। एक वर्षलाई शुभ कार्य रोकिन्छ । त्यसपछि बुढासुब्बा र नाम्साङको सहारा बन्छिन् हाङ्मा । के नाम्साङले दोस्रो विवाह गर्छन् ? जारी तिरेर हाङ्मा आफ्नै घर फर्किन्छिन् ? हाङ्मालाई पालममा जितेका पतिले के गर्छन् ? यी यस्तै जिज्ञासा मेट्न चलचित्र भवन नै पुग्नुपर्छ। यसको मीठो जवाफ निर्देशक सुब्बाले चलचित्रमा दिएका छन्।

निर्देशक सुब्बाले लेखनकै क्रममा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## नयाँ शक्तिको उदय र नयाँ आर्थिक युगको प्रारम्भ

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**सर्वाधिक महत्त्वपूर्ण कुरा भने नेपालीहरूमा आएको चरम निराशा 'यो देशमा अब आर्थिक विकास सम्भव छैन' लाई कम पार्न रवि–स्वर्णिम जोडीले महत्त्वपूर्ण भूमिका खेल्नेछ।**

हालै तीन जिल्ला– बारा, चितवन र तनहुँमा सम्पन्न निर्वाचनको परिणाम बहुप्रतीक्षित थियो। बहुप्रतीक्षित हुनुका अनेक कारण थिए। तर प्रमुख कारण भने राष्ट्रिय स्वतन्त्र पार्टीलाई मतादाताहरूले कुन स्तरमा पत्याउँछन् भनी थाहा पाउनुथियो।

तीन जिल्लाका् उपनिर्वाचनको परिणाम प्राप्त भइसकेको छ। र मुख्यगरी चितवन र तनहुँमा मतदाताले मतपत्रमार्फत दिएको मतले नेपालमा एक वैकल्पिक राजनीतिक शक्तिको माग भएको प्रस्ट भएको छ। साथै उक्त वैकल्पिक शक्तिले नेपालको आर्थिक विकासको नीति र पद्धतिमा परिवर्तन ल्याउने आशा पनि गरिएको छ।

बारा जिल्लामा भएको उपनिर्वाचनको परिणामले खासै महत्त्व राख्दैन किनभने त्यो चुनाव एकातिर एक्लो अभिमन्यु र अर्कोतिर कौरव सेनाका दर्जनौं महारथीहरूजस्तो थियो। खासमा त्यो चुनाव नभएर एउटा युद्ध रणनीति थियो जुन शत्रुलाई पराजित गर्नका लागि तयार गरिएको थियो। स्वच्छ र जन–उत्तरदायी प्रजातन्त्रमा यसरी अनेक दल मिलेर, मोर्चाबन्दी गरेर, चुनाव जितेको देखिंदैन। यो उपनिर्चाचनको रूप र प्रकृति हेर्दा र गठबन्धनको दाउपेचको विश्लेषण गर्दा, जनताको सच्चा अभिमत पाएर उपेन्द्र यादव विजयी भएको देखिंदैन, मानिंदैन। यादवको विजय निर्वाचनको परिणाम होइन, रणनीतिक परिणाम हो। यादवको लोकप्रियताको परख र परीक्षण उनको आफ्नै चुनाव क्षेत्रमा भइसकेको थियो। आफ्नै चुनाव क्षेत्रमा उनी हारेको ज्ञात तथ्य हो।

तर यो लेखको उद्देश्य उपेन्द्र यादवको विरोध गर्नु भने होइन। न त अन्य पराजित उम्मेदवारहरूको पक्ष लिनु हो। न जनमत पार्टीको लोकप्रियता अभिवृद्धि गर्नु नै हो। यो लेखको उद्देश्य राजनीतिक विश्लेषण गर्नु पनि होइन। यो लेखको उद्देश्य आर्थिक विश्लेषण गर्नु हो। राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारहरू रवि लामिछाने र स्वर्णिम वाग्लेको विजयले नेपालमा आर्थिक विकासको नयाँ युगको सूत्रपात हुन खोजेको सङ्केत दिएको हो कि भनी मनन र चिन्तन गर्नु हो।

रवि लामिछाने नयाँ राजनीतिक शक्ति सृजना गर्ने सर्जकमध्येका एक हुन्। रवि लामिछाने र स्वर्णिम वाग्ले परिवर्तनका केवल एक विम्ब मात्र हुन्। प्रतिनिधि पात्र मात्र हुन्। तर उनीहरू मतदाताको विद्रोहका आवाज हुन्। परम्परागत राजनीतिक शक्ति एमाले, नेपाली काङ्ग्रेस र माओवादीप्रति वितृष्णा रहेको तथ्य जनताले रवि र स्वर्णिमलाई विजयी तुल्याएर देखाएको छ।

जनतालाई अब परिवर्तन चाहिएको छ। आर्थिक विकास नयाँनयाँ सोच र योजना चाहिएको छ। देशभित्रै रोजगार चाहिएको छ। आफ्ना यिनै मागहरू जनताले रवि र स्वर्णिमलाई विजयी तुल्याएर पूरा गर्न खोजेको छ।

निष्ठा र इमानदारी होइन, कपटले भरिएको राजनीति गर्ने, आफ्नो स्वार्थ र सत्ताको लागि जनताको हितको बेवास्ता गर्ने, कुनै बेला फुट्ने कुनै बेला जुट्ने। छेपारोजस्तो घरीघरी रङ्ग परिवर्तन गर्ने र अनेक किसिमका कुकृत्य गरेर देशको अर्थतन्त्र धराशायी पार्ने एमाले, काङ्ग्रेस र माओवादी नेताहरूको व्यवहारबाट देशवासी थाकिसकेका छन्। रवि र स्वर्णिमले पाएको मत सङ्ख्या र उनका निकटतम प्रतिद्वन्द्वीहरूले पाएको मतसङ्ख्या, दुवै तथ्यले, यस कुराको पुष्टि गर्दछ।

नेपाली जनताले किन वैकल्पिक राजनीति शक्तिको उदय खोजिरहेको छ?

अहिले वैकल्पिक राजनीतिक शक्तिको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीको उदय भएको छ। र यस पार्टीको नेतृत्व रवि लामिछानेले गरिरहेका छन्। भोलिका दिनमा राष्ट्रिय स्वतन्त्र पार्टी पनि नेका वा एमालेजस्तो हुन सक्छ। रवि पनि देउवा वा फुकुदाजस्तै हुन सक्छन्। रविको वर्तमानको दिशा परिवर्तन हुँदैन भन्ने ग्यारन्टी गर्न सकिंदैन। तर नेपाली जनताले अब नयाँ राजनीतिक शक्तिको तीव्र कामना गरेको भनेर ग्यारन्टी गर्न सकिन्छ। एमाले, नेका र माओवादी र यिनका नेताहरूबाट देशको आर्थिक विकास होला भन्ने कुरामा जनतालाई पटक्कै विश्वास नरहेको पनि ग्यारन्टी गर्न सकिन्छ।

अब गत निर्वाचन र हालै सम्पन्न उपनिर्वाचनमा मतदाताहरूले राष्ट्रिय स्वतन्त्र पार्टीलाई विश्वास गर्नुको प्रमुख कारणतिर जाऔं। प्रमुख कारण नै आर्थिक विकास हो। गरीबी हो। महँगी हो। परम्परागत राजनीतिक शक्तिहरूबाट नेपालको आर्थिक विकास हुन सक्तैन। नयाँ राजनीतिक शक्तिले मात्र नेपालको आर्थिक विकास गर्न सक्छ। नयाँ राजनीतिक शक्तिको नेतृत्व रविले गर्न सक्छन्। रवि र स्वर्णिमको जोडीले नेपालमा आर्थिक विकासका नयाँ बाटा तयार पार्नेछन्। यस्तैयस्तै सोचले गर्दा जनताले राष्ट्रिय स्वतन्त्र पार्टीलाई विश्वास गरेको हो। रवि अनेक विवादमा परेको भए तापनि ती कुराहरू बिर्सेर मतदाताले उनलाई विजयी तुल्याएको हो। अति कमजोर (राजनीतिक जीवनमा) उम्मेदवार स्वर्णिम वाग्लेलाई अत्यधिक मत दिएको हो।

नेपालमा बन्द हुनै आँटेको आर्थिक विकासको ढोका स्वर्णिमले पूरा खोल्न नसके तापनि आधा भए पनि खोल्न सक्नेछन्? नेपाली जनताको भरोसा पूरा गर्नेछन्? यी प्रश्नको उत्तर खोज्नु पूर्व नेपाली समाजको अनौठो चरित्रको चर्चा गर्न भने आवश्यक छ। हामी नेपालीहरू अरूलाई राम बन भन्छौं तर आफू भने राम बन्न सक्तैनौं। भ्रष्टाचारको घोर निन्दा गर्छौं तर पाए ठूलो माछाले सानो माछा कप्लक्क पारेझैं घूस खाइदिन्छौं। नेताको चाकडीको विरोध गर्छौं तर आफ्नो कुनै काम निकाल्न बेइमान नेताको खुट्टासम्म पखाल्न तयार हुन्छौं। अरूलाई इमानदार बन भन्छौं तर आफू बन्दैनौं। यस्तो व्यवहार हामी बहुसङ्ख्यक नेपालीमा पाइन्छ।

हाम्रो समाजको चरित्र अति नै अनौठो छ। यो अनौठो चरित्रबाट स्वर्णिम प्रभावित हुने छैनन् भनेर ठोकुआ गर्न सकिंदैन। तर यदि उनले आफूलाई राम बनाउने प्रयास गरे भने नेपालको आर्थिक विकासका लागि धेरै कुराहरू गर्न भने सक्छन्। एक व्यक्तिको सोचले देशको आर्थिक विकास तीव्र गतिमा भएको उदाहरण धेरै छ। भारतका पूर्व प्रम नरसिम्हा रावको एक्लो सोचले भारतमा उदार अर्थ व्यवस्थाको सूत्रपात गरेको थियो।

स्वर्णिमले नेपालको आर्थिक विकासका लागि धेरै कुरा गर्न सक्छन् भन्ने आधारहरू के के छन् त?

स्वर्णिमले नेपालको आर्थिक विकासका लागि ठोस योगदान पुर्‍याउन सक्ने आधार धेरै छन्। उनी स्वयं एक युवा हुन्। उनीसँग नवीनतम आर्थिक योजनाहरू छन्। आर्थिक विकासका लागि आवश्यक पर्ने नयाँनयाँ सोच त छ नै, उनीसँग शक्ति पनि छ। जोश छ। साथै उनी अर्थविज्ञ हुन्। अर्थशास्त्रका पेचिला कुराहरू जुन राष्ट्रको आर्थिक विकासका लागि आवश्यक छ, उनलाई राम्ररी थाहा छ। उनले अर्थ क्षेत्रको गहिरो अध्ययन गरेका छन् र अध्यनशील पनि छन्। अर्को र महत्त्वपूर्ण कुरा उनी सम्बद्ध राजनीतिक दल – राष्ट्रिय स्वतन्त्र पार्टीले देशको आर्थिक विकास गर्छु भन्ने बाचा गरेको छ। यो पार्टी अहिलेसम्म देशको आर्थिक विकासप्रति चिन्तित र जागरुक देखिएको छ।

विश्व अर्थ व्यवस्थमा भएका नयाँनयाँ परिवर्तन र त्यसबाट नेपालले लिन सक्ने फाइदाहरूबारे स्वर्णिमलाई राम्रो जानकारी हुन सक्छ।

रवि लामिछानेको नियमित निगरानीले स्वर्णिमको महत्त्वाकाङ्क्षामा अंकुश लगाउने कार्य गर्नेछ, यदि स्वर्णिमले आर्थिक विकासका कुरालाई बेवास्ता गरेर केवल पद र शक्तिलाई महत्त्व दिए भने, केवल सत्तामुखी भए भने। अर्कोतिर रविले पनि जनतालाई अनेक आश्वासन दिएकाले उनले जनतालाई झुक्याउन कठिन छ किनभने उनले त्यस्तो गरेमा अर्को चुनाव उनको लागि उनको राजनीति जीवन अन्त्य हुने अवसर बन्न सक्नेछ।

रवि र स्वर्णिमको जोडीले, मुख्यगरी आर्थिक क्षेत्रमा केही सुधार गर्नेछ भनी आशावादी हुने प्रशस्त ठाउँ छ। यो जोडीको ध्यान सर्वप्रथम बेरोजगारतिर जानेछ, जानु नै पर्नेछ। रोजगारको लागि युवाहरू विदेशतिर जानुपर्ने बाध्यताको अन्त्य गर्ने यो जोडीले अवश्य पनि कार्य गर्नेछ।

कृषि उत्पादनमा आएको ठूलो ह्रास रोक्न यो जोडीले कार्य गर्नेछ। निर्यात वृद्धिमा ध्यान दिनेछ। देशभित्र रोजगार सृजना गर्न नयाँनयाँ योजनाहरू ल्याउने छ। वा त्यस्तो गर्न सक्नेछ।

सर्वाधिक महत्त्वपूर्ण कुरा भने यो जोडीले नेपालीहरूमा आएको चरम निराशा 'यो देशमा अब आर्थिक विकास सम्भव छैन' लाई कम पार्न रवि–स्वर्णिम जोडीले महत्त्वपूर्ण भूमिका खेल्नेछ।

## अब लुम्बिनीमा विद्युतीय बसमा सरर...

लुम्बिनी, १४ वैशाख/रासस

बुद्ध जन्मस्थल लुम्बिनीमा लामो प्रतीक्षापश्चात् विद्युतीय सवारी सञ्चालनमा आउने भएका छन्। सञ्चालन अनुमतिका लागि कानूनी प्रक्रियामा ढिलाइ र सञ्चालनको नमूना तयार नहुँदा लुम्बिनीमा दुई वर्षभन्दा बढी समयदेखि खुला आकाशमुनि विद्युतीय सवारी थन्किएका थिए।



तस्वीर: रासस

दातृ निकायबाट अनुदानमा प्राप्त अत्याधुनिक सुविधासहितका ती बस र



'भ्यान' प्रदेश सरकारले सञ्चालनका लागि आवश्यक कानूनी प्रक्रियाको बाटो नखोलिदिंदा समस्यामा परेका थिए। साढे दुई वर्षदेखि थन्किएका ती सवारी सञ्चालनका लागि लुम्बिनी प्रदेश सरकारले हालै कानूनी बाटो खुला गरिदिएको छ।

प्रदेश मन्त्रिपरिषद्को २०८० वैशाख ८ गतेको बैठकले उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको प्रस्तावमा लुम्बिनी विकास कोषका पाँच विद्युतीय बस र १४ भ्यानलाई सेतो नम्बर प्लेटबाट हरियो नम्बर प्लेटमा रूपान्तरण गरी सेवा प्रदान स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ। यो निर्णयले अलपत्र यी बस सञ्चालनका लागि बाटो खुला भएको छ।

एशियाली विकास बैंक (एडिबी)को अनुदान सहयोगमा क्लिन इनर्जी प्रोजेक्ट अन्तर्गत रु १३ करोड लागतमा कोषलाई विद्युतीय सवारी प्राप्त भएका हुन्। यी विद्युतीय सवारी नेपाल भित्र्याउँदा रु साढे तीन करोड बढी भन्सार राजस्व नेपाल सरकारले बेहोरेको थियो। यी सवारीका लागि भनेर नै लुम्बिनीमा रु १३ करोड ९० लाख लगानीमा चार्जिङ स्टेशनसमेत बनिसकेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत आएका यी सवारी लामो समय खुला आकाशमुनि थन्किदा कतिपयका टायर र चार्ज नहुँदा ब्याट्रीसमेत बिग्रेका छन्। लुम्बिनी र यससँग सम्बन्धित बौद्ध क्षेत्रका पर्यटकीय सुविधाका लागि भनेर ल्याइएका पाँच १९ सिट क्षमताका बस र १४ पाँच सिट क्षमताका भ्यान स्वचालित ढोका भएका र शारीरिकरूपमा अशक्तका लागि अपाङ्गमैत्री छन्।

लुम्बिनीलाई प्रदूषणमुक्त राख्न २०७७ मङ्सिर ९ गते यी विद्युतीय बस र टयाक्सी लुम्बिनी ल्याइएको हो तर आवश्यक कानूनी प्रक्रियामा ढिलाइ र सञ्चालनको नमूना तयार नहुँदा दुई वर्षभन्दा बढी समयदेखि खुला आकाशमुनि थन्किएका थिए। भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट बुद्ध जन्मस्थल लुम्बिनी र बुद्धस्थल तिलौराकोट, रामग्राम र देवदहलगायतका बुद्धसँग सम्बन्धित क्षेत्रलाई जोड्न र ती क्षेत्रमा पर्यटक आवतजावत सहज बनाउन ती साधन अनुदानमा आएका हुन्।

कोषका कोषाध्यक्ष ढुण्डीराज भट्टराईले लामो समयदेखि अलपत्र विद्युतीय बस सञ्चालनको कानूनी बाटो खुलेको जानकारी दिए। "खुशी छु, यी बस तथा भ्यानहरूले न्याय पाउने भएका छन्," उनले भने, "कोषाध्यक्ष भएर बसेको पहिलो बैठकदेखि विद्युतीय बस सञ्चालनका लागि निरन्तर कुरा उठाउँदै आएकोमा आज बल्ल यसले आधिकारिकरूपमा पर्यटकको सेवामा गुड्न पाउने नम्बर प्लेटको अनुमति पाउन बाटो खुलेको छ।"

उक्त निर्णयको कार्यान्वयनका लागि मातहत यातायात व्यवस्था कार्यालय सवारी रूपन्देहीलाई समेत निर्देशन गरिसकेको पत्र बुधवार कोषलाई प्राप्त भएको कोषका सदस्य सचिव सानुराजा शाक्यले जानकारी दिए।

यसबाट लामो समयदेखि अल्झिएको सवारी नम्बर प्लेट परिवर्तनको कानूनी बाटो प्रदेश सरकारले फुकाइदिएको छ। अब छिट्टै नै पर्यटन सवारीमा दर्ता गरेर यी सवारीसाधनलाई पर्यटन सेवाका रूपमा सञ्चालन गरिने सदस्य सचिव शाक्यले बताए। "अब बढीमा एक महीना लाग्छ, त्यसपछि मुख्यतया बुद्ध जन्मस्थल लुम्बिनी र यससँग सम्बन्धित क्षेत्र तिलौराकोट, देवदह, रामग्रामसहित नेपाल–भारत सीमा बेलहिया र बुटवल क्षेत्रसम्म सेवा सञ्चालन गर्नेछौं," उनले भने, "सञ्चालन नमूनाका विषयमा पनि कार्यविधि बनेको छ, त्यसैको आधारमा छलफल गरेर तय गर्नेछौं।"

कोषले केही महीना यी सवारीसाधनको परीक्षण सञ्चालन गरेर पनि अनुमति नपाउँदा नियमितता दिन पाएको थिएन। अब एउटा व्यवस्थित योजना बनाएर प्रस्तावित कार्यविधिलाई छलफल गरी नियमित सञ्चालनमा ल्याइने कोषाध्यक्ष भट्टराईले बताए। एडिबीले दिएको रु २८ करोड बराबरको अनुदानको पनि अब व्यवस्थित सदुपयोग हुने उनले बताए। "बस सञ्चालन हुने कुराले पर्यटकको सेवामा थप उत्साहसँगै रामग्राम, देवदह तथा तिलौराकोटबाट नियमित लुम्बिनी आउने तीर्थयात्रीलाई सहज हुनेछ," उनले भने, "अब फेरि विद्युतीय सवारीबाट धम्मयात्राले निरन्तरता पाउनेछ।"

कोषले गत असोज १३ गतेबाट दशैं, तिहार र छठपर्वमा यात्रीलाई सेवा दिने जनाउँदै परीक्षणका रूपमा पाँचवटा बस निश्शुल्क सञ्चालन गरिएको थियो। नेपाल प्रहरी र सशस्त्र प्रहरीका चालक राखेर परीक्षणका रूपमा लुम्बिनीबाट कपिलवस्तुको तिलौराकोट क्षेत्र परिक्रमा, लुम्बिनीदेखि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल हुँदै भैरहवाको सिमानाका बेलहियासम्म, लुम्बिनीदेखि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल हुँदै बुद्ध मावलीस्थल देवदह र लुम्बिनीदेखि भैरहवाको बुद्धचोक हुँदै बुटवलको गोलपार्कसम्म पाँच बस परीक्षणका रूपमा सञ्चालन गरिएको थियो।

## प्राङ्गारिक खेतीमा लागेपछि किसानलाई सहज

महोत्तरी, १४ वैशाख/रासस

बजारमा तरकारी बिसाउनासाथ किसान चन्देश्वर राय दनुवारको वरिपरि ग्राहक झुम्मिहाल्छन्। उनको तरकारी एकैछिनमा बिक्री हुन्छ। तरकारीखेतीमा विषादीको प्रयोग नगर्ने महोत्तरी जिल्लाको भङ्गाहा–४ रामनगरका दनुवारले उत्पादन गरेका तरकारी ग्राहकले खोजीखोजी किन्ने गरेका छन्।

"तरकारीको भारी बिसाउना साथ बिक्री शुरू भइहाल्छ भने एकैछिनमा सकिन्छ पनि," उनले भने, "मूल्यमा पनि खासै मोलमोलाइ हुँदैन, एकैछिनमा तरकारी बिक्री गरी घर फर्किहाल्छु।"

उनले डेढ दशकअघि तरकारीखेती शुरू गर्दा रासायनिक मल प्रयोग गर्थ्ये। तर त्यो तरकारी आफ्नै भान्सामा पनि प्रयोग हुने र यसले स्वास्थ्यमा असर गर्ने थाहा पाएपछि भने उनले विषादीको प्रयोग छाडेका हुन्।

"नाकमुख नै छोपेर तरकारीका



तस्वीर: सौजन्य

बोटमा विष छरिन्थ्यो, चिचिलामा लागेका कीरा मार्न विष नै प्रयोग हुन्थ्यो," दनुवारले पुराना कुरा सम्झँदै भने, "उत्पादित तरकारी त आफ्नै भान्सामा पनि पाक्थ्यो, यसले मलाई झस्कायो, विष खाँदैछौं भन्ने लाग्यो, त्यसपछि प्रयोग छाडें।"

अचेल उनी तरकारीमा गाईवस्तुको गोबर, ढैंचा (कुहाएर कम्पोस्ट मल बनाइने वनस्पति) र मुङ (कोसे दलहन बाली), घर वरपरका फोहर कसिङ्गर खाल्डामा राखेर बनाइएको मल प्रयोग गर्छन्।

त्यसैगरी, कीरा नियन्त्रणका लागि खरानीको धूलो, गाईको गहुँत, विभिन्न वनस्पतिका झोल प्रयोग गरिने उनको भनाइ छ। अहिले सघन तरकारीखेती गरिने भङ्गाहाका अतिरिक्त बर्दिबास, गौशाला र औरही नगरपालिकाका किसानले विषादी र रासायनिक मलको प्रयोग गर्न छाडिसकेका छन्। उनीहरूले प्राङ्गारिक मलको प्रयोग गर्न थालेका छन्।

तरकारी, तेलहन र उखुलगायतका नगदेबाली लगाउने यी नगर, गाउँ बस्तीमा

(बाँकी चौथो पातामा)

# आत्मनिर्भर अर्थतन्त्रका लागि कृषि र पर्यटनमा जोड

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आर्थिक समृद्धिका लागि मुलुकको सन्तुलित विकास हुनु आवश्यक छ। यसका लागि आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग, पेशा तथा सम्भावना भएका क्षेत्रलाई सहुलियत ब्याजदरमा पूँजी उपलब्ध गराएर उनीहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउनुपर्ने हुन्छ।**

दैनिक एक हजारभन्दा बढी युवा वैदेशिक रोजगारमा खाडी मुलुक जान बाध्य भए पनि सरकारले सञ्चालन गरेको सहुलियत कर्जा लिई व्यापार व्यवसाय गर्नेको सङ्ख्या अत्यन्त न्यून देखिएको छ। मुलुकमा उत्पादन तथा रोजगारको अवस्था सुधार गर्न, वैदेशिक रोजगारलाई स्वदेशकै अवसरले प्रतिस्थापन गर्न, महिला, दलित, विपन्न र सीमान्तकृत समुदायको जीवनस्तर उकास्न तथा भूकम्प पीडितलाई आवासको व्यवस्था गर्न सरकारले सहुलियतपूर्ण कर्जासम्बन्धी नीतिगत व्यवस्था गरेको थियो। तर यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरणमा बाधा पुग्दै आएको छ। नेपाल राष्ट्र बैंकले सरकारबाट स्वीकृत 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि-२०७५ कार्यान्वयनमा समेत ल्याइसकेको छ। कार्यविधिमा ७ प्रकारका कर्जामा तोकिएको सीमासम्म लक्षित ऋणीलाई ब्याज अनुदान दिने व्यवस्था गरिएको छ।

कार्यविधि अनुसार अधिकतम रु पाँच करोडसम्मका कृषि तथा पशुपक्षी कर्जा, रु १५ लाखसम्मका महिला उद्यमशील कर्जा, रु १० लाखसम्मका विदेशबाट फर्केका युवा परियोजना कर्जा, रु १० लाखसम्मका दलित व्यवसाय विकास कर्जा, रु ७ लाखसम्मका शिक्षित युवा स्वरोजगार कर्जा, रु पाँच लाखसम्मका उच्च प्राविधिक व्यावसायिक शिक्षा कर्जा र रु तीन लाखसम्मका भूकम्प पीडितहरूको आवास कर्जामा ब्याज अनुदान प्रदान गरिने व्यवस्था छ। बढीमा पाँच वर्षको भुक्तानी अवधि नबढ्नेगरी बैंक तथा वित्तीय संस्थाहरूले व्यवसायको प्रकृति अनुसार भुक्तानी अवधि तोक्न सक्छन्। यस्तो कर्जाको ब्याजदर दर्ता गर्दा बैंक तथा वित्तीय संस्थाले आफ्नो आधार ब्याजदरमा अधिकतम २ प्रतिशत मार्जिन जोड्न पाउँछन्। ऋणीसँग ब्याज बाहेक अन्य कुनै शुल्क लिन पाइँदैन। निर्धारित ब्याजदरमध्ये महिला उद्यमशील कर्जामा ६ प्रतिशत र अन्य कर्जामा ५ प्रतिशत ब्याज अनुदानको रूपमा सरकारले उपलब्ध गराउँछ। त्यसबाहेक ब्याज-भार मात्र ऋणीले वहन गर्नुपर्छ। कृषि तथा पशुपक्षी कर्जामा ५ करोडसम्मका लागि ५ प्रतिशत अनुदान र पाँचदेखि १० करोडसम्ममा २ प्रतिशत ब्याज अनुदान प्रदान गरिने व्यवस्था छ।

ब्याज अनुदानबाहेक यस्तो कर्जामा ऋणीले तिर्नुपर्ने कर्जा सुरक्षण तथा बीमा शुल्कमा समेत लाग्ने शुल्कको ७५ प्रतिशत रकम सरकारले अनुदानको रूपमा उपलब्ध गराउँछ भने बाँकी २५ प्रतिशत रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले तिरिदिने व्यवस्था छ। ब्याज अनुदान बापतको रकम सरकारबाट नेपाल राष्ट्र बैंकले सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई त्रैमासिकरूपमा उपलब्ध गराउँदै आएको छ। यो कार्यक्रमको अर्को महत्त्वपूर्ण पक्ष १० लाखभन्दा बढीको कृषि कर्जाबाहेक उपरोक्त सम्पूर्ण कर्जामा कुनै पनि धितो राख्नुपर्दैन। नेपाल राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको पहिलो आठ महीनामा रु चार अर्ब ९२ करोडले यस्तो कर्जा घटेको छ। गत असार मसान्तसम्म सहुलियतपूर्ण कर्जा रु दुई खर्ब १३ अर्ब ८८ करोड थियो। फागुन मसान्तसम्म आइपुग्दा यस्तो कर्जा दुई खर्ब आठ अर्ब ९५ करोड रुपियाँ पुगेको छ। अर्थात् नयाँ कर्जा प्रवाह कम हुँदा कुल सहुलियतपूर्ण कर्जाको आकार घट्दो क्रममा रहेको देखिन्छ।

नेपाल राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको पहिलो आठ महीनामा बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह एक खर्ब ४१ अर्बले बढेको छ। बैंक तथा वित्तीय संस्थाहरूले यो अवधिमा ती क्षेत्रमध्ये व्यावसायिक कृषि तथा पशुपक्षी, भूकम्पपीडितको निजी आवास निर्माण र युवा वर्ग स्वरोजगारका क्षेत्रमा मात्रै कर्जा बढाएको तथ्याङ्क छ। तीमध्ये सबैभन्दा बढी कृषि क्षेत्रमा दुई अर्ब ४० करोड कर्जा प्रवाह भएको छ। भूकम्पपीडितहरूको निजी आवास निर्माण गर्न दुई करोड र युवा स्वरोजगारका क्षेत्रमा १५ लाख मात्रै कर्जा गएको छ। अन्य क्षेत्रमा भने कर्जा घट्दो देखिन्छ। आठ महीनामा सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानमा सरकारले पाँच अर्ब ४२ करोड खर्चेको छ। सरकारले ब्याज अनुदानमा अहिलेसम्म २२ अर्ब ३९ करोड खर्च गरिसकेको छ। तर यस्तो कर्जामार्फत गरिएको लगानीको प्रतिफलका सम्बन्धमा मूल्याङ्कन नै गरिएको छैन। जनताले तिरेको करको पैसा अनुदानका रूपमा उद्योग-व्यवसायमा लगाउँदासमेत सरकारले यसको अध्ययन गर्न नसक्नु विडम्बना मात्र हो। यसरी सर्वसाधारणले तिरेको करको रकम राजनीतिक तथा वित्तीय पहुँचवालाको हातमा दिंदासमेत सरकारले मूल्याङ्कन गर्न सकेको छैन। हालसम्म बैंक, वित्तीय संस्थाबाट एक लाख ४८ हजार चार सय ४५ जनाले सहुलियतपूर्ण कर्जा सुविधा लिएको नेपाल राष्ट्र बैंकले जनाएको छ। हुनत सबै लाभग्राहीको व्यक्तिगत फाइल छानबीन गर्न सम्भव पनि देखिंदैन। अहिले सरकारले पनि ब्याज अनुदान भुक्तानी गर्न नसकेको अवस्थामा नयाँ लाभग्राही थपिने अवस्था पनि देखिंदैन। सहुलियतपूर्ण कर्जाको व्यवस्थित वितरण तथा अनुगमन गर्ने हो भने यस्तो कार्यक्रम स्थानीय तहलाई सञ्चालन गर्न दिनु उपयुक्त देखिन्छ।

हुनत सहुलियतपूर्ण कर्जाको सदुपयोगभन्दा दुरुपयोग व्यापक भएको छ। वास्तविक विपन्न वर्गले यो कर्जा पाउन सकेको छैन। राजनीतिक र वित्तीय पहुँच भएकाले मात्रै पाएका छन्। लक्षित समुदायले अझै पाएको छैन। वास्तविक विपन्नले सहुलियतपूर्ण कर्जामा पहुँच नपाउँदा नै मिटरब्याजपीडित बन्न पुगेका छन्। वास्तवमा विनाधितो र न्यून ब्याज मार्जिनमा प्रवाह गर्नुपर्ने कर्जा भएकोले यस कार्यक्रमप्रति बैंक तथा वित्तीय संस्थाहरूको चासो कम देखिन्छ। यसका साथै लक्षित वर्गसम्म कर्जाको प्रचारप्रसार हुन नसक्नु वा कम हुनु, प्रक्रियागत झन्झटका कारण लक्षित वर्गको कर्जामा पहुँच पुग्न नसक्नु वा कम पुग्नु, कमजोर वित्तीय चेतना, नियमन तथा सुपरिवेक्षण प्रभावकारी हुन नसक्नुजस्ता कारणले पनि यो कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयनमा आउन सकेको छैन। त्यसैले अहिलेको सङ्कटका बेला मुलुकको आर्थिक रूपान्तरणका लागि सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सरकारको ध्यान जानुपर्दछ।

आर्थिक समृद्धिका लागि मुलुकको सन्तुलित विकास हुनु आवश्यक छ। यसका लागि आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग, पेशा तथा सम्भावना भएका क्षेत्रलाई सहुलियत ब्याजदरमा पूँजी उपलब्ध गराएर उनीहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउनुपर्ने हुन्छ। सहुलियतपूर्ण कर्जाको प्रभावकारी उपयोगले आन्तरिक उत्पादन, आय र रोजगार बढ्नुका साथै निर्यात र आयातबीचको ठूलो खाडल पुर्दै बाह्य व्यापार घाटा कम गर्न मदत पुग्छ। यसका साथै आत्मनिर्भर अर्थतन्त्रको विकासमा ठूलो सहयोग पुग्छ। त्यसैले यस्तो कर्जाको प्रभावकारी उपयोगका लागि सबै सरोकारवाला पक्षले जिम्मेवारीपूर्ण ढङ्गले आआफ्नो भूमिका निर्वाह गर्नुपर्छ। अनि मात्र आगामी दिनमा यस कार्यक्रमले लक्ष्य प्राप्त गर्न सक्ने र मुलुकको सन्तुलित विकासमा सहयोग पुग्ने देखिन्छ र बिस्तारै मुलुक आत्मनिर्भर अर्थतन्त्रको बाटोमा अग्रसर हुन्छ।

## ३३ निर्माण व्यवसायीको इजाजतपत्र खारेज

काठमाडौं, १४ वैशाख/रासस

सरकारले ३३ निर्माण व्यवसायीहरूको इजाजतपत्र खारेज गरेको छ। सार्वजनिक निर्माणको प्रयोजनका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट इजाजतपत्र लिएका व्यवसायीहरूले नवीकरण नगरेकाले उनीहरूको इजाजतपत्र खारेज गरिएको हो। मन्त्रालयको निर्माण व्यवसाय प्रवर्द्धन शाखाले आज एक सूचना प्रकाशित गरी इजाजतपत्र लिएका व्यवसायीहरूले निर्माण व्यवसाय ऐन, २०५५ को दफा ५ को उपदफा ३ बमोजिम आर्थिक वर्ष २०७९/८० का लागि २०७९ चैत मसान्तसम्म निर्माण व्यवसाय इजाजतपत्र नवीकरण नगरेकाले सोही ऐनको दफा ७ को उपदफा ३ बमोजिम ती निर्माण व्यवसायीका इजाजतपत्रहरू स्वतः खारेज भएको जनाएको हो।

यसअघि मन्त्रालयले आर्थिक वर्ष २०७९/८० का लागि २०७९ चैत मसान्तभित्र इजाजतपत्र नवीकरण गर्न निर्माण व्यवसायीहरूलाई आग्रह गरेको थियो। तर सो समयावधिभित्र नवीकरण नगरेकाले इजाजतपत्र खारेज गरिएको मन्त्रालयले जनाएको छ।

## नेपालमा उत्पादित सवारीसाधन दर्ताका लागि बाटो खुल्यो

काठमाडौं, १४ वैशाख/रासस

यातायात व्यवस्था विभागले नेपालमा जडान वा उत्पादन भएका सवारीसाधन दर्ता गर्ने व्यवस्था गरेको छ। यातायात व्यवस्थापन कार्यविधि, निर्देशिका २०६० संशोधन गर्दै विभागले उक्त व्यवस्था गरेको हो।



नेपालमा जडान वा नेपालमैं उत्पादन हुने सवारीसाधनको नयाँ दर्ता, सरुवा दर्ता, हेरफेर दर्ता, लिलाम दर्ता, पुनर्दर्ता र नामसारीलगायत प्रयोजनका लागि त्यस्तो सवारीसाधनको भन्सार प्रज्ञापनपत्र आवश्यक नपर्ने व्यवस्था गरिएको हो। नेपालमा उत्पादित विद्युतीय मोटरसाइकल 'यात्री'को दर्ता र सञ्चालनमा समस्या देखिएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सो सवारीसाधन दर्ताका लागि व्यवस्था मिलाउन निर्देशन दिएका थिए।

त्यस्तै, नेपालमा जडान हुने वा उत्पादन हुने सवारीसाधनको नयाँ दर्ता, सरुवा दर्ता, हेरफेर दर्ता, लिलाम दर्ता, पुनर्दर्ता, नामसारीलगायत कार्यका लागि जडानकर्ता वा उत्पादक कम्पनीले भन्सार प्रज्ञापनपत्रको सट्टा मूल्य अभिवृद्धि कर बीजक पेश गर्नुपर्नेछ। प्रचलित कानूनबमोजिम अन्तःशुल्कसम्बन्धी प्रावधान आकर्षित हुने सवारीसाधनको हकमा अन्तःशुल्क निकासी फारामसमेत पेश गर्नुपर्ने विषय निर्देशिकामा थप गरिएको छ।

विभागले यही वैशाख १३ गते निर्देशिका परिवर्तन गर्ने निर्णय गरेकामा आज सोसम्बन्धी सूचना सार्वजनिक गरेको हो। निर्देशिकाको बुँदा नं ११.१ अन्तर्गत नयाँ बुँदा ११.१.९ थप गरी उल्लिखित विषय संशोधन गरिएको जनाइएको छ।

सवारीसाधन दर्तासम्बन्धी समस्या भएको विषयमा उठेको जनचासो सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले तत्काल समस्या समाधान गर्न निर्देशन दिएपछि प्रधानमन्त्रीको कार्यालयले नेपालमा उत्पादित सवारीसाधन दर्ता प्रक्रियामा देखिएको कानूनी जटिलता समाधान गर्न सम्बन्धित कानून संशोधन गरी मन्त्रिपरिषद् प्रस्ताव ल्याउने निर्णय गरेको थियो।

## पाँचभाइको सुन्तलाखेती

गलकोट, १४ वैशाख/रासस

बागलुङ नगरपालिका-९ तित्याङको अदुवाबारीस्थित एउटै पाटो खेतमा झन्डै ५०० सुन्तलाका बिरुवा हुर्किरहेका छन्। राम्रो धान फल्ने खेत तीन वर्षयता सुन्तला बगैंचामा परिणत भएको हो।

कम लगानीमा धेरै आम्दानी दिने सुन्तलाखेतीका लागि भकुण्डेका पाँचभाइले खेत मासेर सुन्तला रोपेका हुन्। बागलुङ नगरपालिका-१० भकुण्डे घर भएका ती दाजुभाइले १८ रोपनी जग्गामा ५०० सुन्तलाका बिरुवा लगाएका र ती बिरुवाले आगामी वर्षदेखि उत्पादन दिन थाल्नेछन्।

पैंतीस वर्षसम्म पढाउँदै आएका ६२ वर्षीय रेशमलाल शर्माले आफ्नो छ रोपनी जग्गामा २०० सुन्तलाका बिरुवा लगाएका छन् भने अन्य चारभाइले १२ रोपनी जग्गामा करीब ३०० सुन्तलाका बिरुवा लगाएका छन्।

भकुण्डेमा घर र खेत तित्याङमा भएकाले धान उत्पादनको लागत बढेको र मकै तथा गहुँ नछर्दा छ महीना बाँझो छोड्नुपर्ने अवस्थामा रहेको खेत अहिले सुन्तलाका बिरुवाले हरियाली बनेको रेशमलाल शर्माले जानकारी दिए।

"हामी पाँचभाइको एउटै पाटो खेत थियो, अहिले उक्त खेत सुन्तला बगैंचामा परिणत भएको छ, आगामी वर्षदेखि उत्पादन देला, पाँचभाइको सल्लाहमैं उक्त खेतलाई एउटै बगैंचाको रूपमा विस्तार गर्न सुन्तला लगाएका हौं," उनले भने, "धानखेतीभन्दा सुन्तलाबाट दोब्बर आम्दानी गर्न सकिने हाम्रो अठोट छ।"



रेशमलालसहित ताराप्रसाद शर्मा, लक्ष्मण शर्मा, केशव शर्मा र दामोदर शर्माले धानखेतीभन्दा सुन्तलाखेतीबाटै राम्रो आम्दानी गर्न सकिने भन्दै १८ रोपनी जग्गामा तीन वर्षअघि सुन्तलाखेती थालेका हुन्। उक्त सुन्तला बगैंचा जिल्लाकै ठूलो बगैंचा बनाउने गरी एकीकृत ढङ्गले सुन्तलाखेती थालिएको र रेशमलाल भने अझै १०० बिरुवा थप्ने लक्ष्यमा छन्।

धान, मकै र गहुँ गरी तीन बाली

(बाँकी पाँचौं पातामा)

## प्राङ्गारिक ...

परम्परागत खनजोत र प्राङ्गारिक मलको प्रयोगबाटै प्रशस्त उत्पादन हुन थालेको यस भेगका किसानको भनाइ छ। खासगरी हरियो सागसब्जी र अन्य तरकारीबालीमा विषादीको प्रयोगले आम उपभोक्ताको स्वास्थ्यमा असर पर्ने कुराले सोको प्रयोग छाडिएको भङ्गाहा-४ का तरकारी किसान नारायण दाहालको भनाइ छ।

प्राङ्गारिक मल बनाउन आफ्नै वरपरका झारपतिङ्गर, त्यतिकै मिल्किएका फोहोर, मल बनाउन नै खेती गरिने ढैंचा र गाईवस्तुको गोबर प्रयोग गर्न सकिने भएकाले यो खेतीका लागि सर्वोत्तम मल हुने किसानको भनाइ छ। यस्तो मलले माटोलाई उर्वर बनाइराख्ने र वर्षैपिच्छे मात्रा केही घटाउँदै लान सकिने हुँदा खेतीमा लागत पनि घट्दै जाने किसानको बुझाइ छ।

बालीलाई मल चाहिने उपयुक्त बेलामा रासायनिक मलको हाहाकार हुने र तिनको गुणस्तरको समेत यकीन नहुँदा उत्पादनमा प्रतिकूल असर परेपछि आफूहरू परम्परागत अर्गानिक खेतीमा लागेको किसानहरूको भनाइ छ।

तरकारी, फलफूल र अन्य बालीमा लाग्ने रोगव्याध र कीरा नियन्त्रणका लागि गाईको गहुँत, खरानी र पानी छर्कने विधि अपनाउन थालिएको र यो निकै सफल भएको पशुपतिनगर-२ का किसान ब्रह्मदेव महतोले बताए।

रासायनिक मल र विषादीको प्रयोग छाड्दा पहिलो वर्ष २०७० सालमा उत्पादन अलि कम भएपनि त्यसयता क्रमशः उत्पादन बढ्दै गएपछि अब खासै समस्या नभएको बर्दिबास-४ का किसान रामजी पौडेलको भनाइ छ। पछिल्ला वर्षमा प्राङ्गारिकखेतीबाटै बाली उत्पादन भएको क्षेत्रबारे आम चासो र परिचय बढेपछि उपभोक्ताले बजार पुऱ्याउना साथ आफ्नो सामान तत्काल किन्ने गरेका पौडेलको अनुभव छ।

सरकारले प्रदेशहरूमा प्राङ्गारिक मल उत्पादनका कारखाना बनाउन, यस्ता काममा लाग्नेलाई प्रोत्साहन गर्न सके आमरूपमैं किसान परम्परागत खेती प्रणालीमा फर्कने भङ्गाहा-५ सीतापुरका पूर्वसहसचिव तथा कृषिविज्ञ रामबहादुर भुजेलको भनाइ छ।

प्राङ्गारिक मलको प्रयोगको परिमाण बर्सेनि घटाउँदै लान सकिने हुँदा पहिलोपटक मल किन्दा केही महँगो परे पनि बिस्तारै अघिल्ला वर्षमा यो खेती कम लागतमा गर्न सकिने भुजेलको भनाइ छ। यो खेती प्रणाली किसानका लागि सजिलो र कम लागतको हुने र उपभोक्ताका लागि स्वस्थकर हुने कुरा बिस्तारै आम किसान र उपभोक्ताले बुझ्दै गएपछि यस्तो खेती बढेको भुजेलको बुझाइ छ।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## ‘बुद्ध धर्मको मर्म विश्वमा फैलाउन बौद्ध शिखर सम्मेलन उपयोगी’


नयाँ दिल्ली, १४ वैशाख/एएनआई

बुद्ध धर्मको मर्म विश्वमा फैलाउन गत साता नयाँ दिल्लीमा सम्पन्न विश्व बौद्ध शिखर सम्मेलन उपयोगी भएको तिब्बती बौद्धधर्मका शिक्षकले बताएका छन् ।

बौद्धगुरु योङ्गे मिङ्ग्युर रिम्पोछेले बुद्ध धर्मको सार संसारमा फैलाउन विश्व बौद्ध शिखर सम्मेलनबाट मदत पुगेको बताए ।

एएनआईसँगको कुराकानीमा बौद्धगुरु रिम्पोछेले गत साताको शिखर सम्मेलनबाट बौद्ध धर्मको सारलाई विश्वमा फैलाउन योगदान पुगेको बताउँदै सम्मेलनबाट आफूलाई पनि सिक्ने अवसर प्राप्त भएको उल्लेख गरे । बौद्ध धर्मको प्रादूर्भाव नेपालबाट भएको तथा यो धर्मको मुख्य सन्देश प्रेम र करुणा भएको उनले बताए ।

“बौद्ध धर्मका सन्दर्भमा नेपाल र भारतबीच घनिष्ठ सम्बन्ध छ, यो धर्मले दुवै देशलाई एकताबद्ध गरेको छ । हाम्रा निम्ति बौद्ध धर्मको जननी नेपाल र जनक भारत हो,” नेपाल र भारतबीचको निकट छिमेकी सम्बन्धका साथै धार्मिक सम्बन्धबारे चर्चा गर्दै तिब्बती गुरुले भने । बौद्ध धर्मबारे नेपाल र भारतबाट धेरै शिक्षा पाइने बताउँदै उनले नेपालमा जन्मेका बुद्धले भारतका धेरै स्थानमा यसको प्रचार गर्दै धेरै शिष्यलाई ज्ञान दिएको आफ्नो बुझाइ बताए ।


बौद्धगुरू योङ्गे मिङ्ग्युर रिम्पोछे। तस्वीरः सौजन्य

संस्कृति मन्त्रालयले आयोजना गरेको उक्त सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले ‘अतिथि देवो भवः’ बुद्धभूमिको परम्परा भएको तथा बुद्धका आदर्शबाट प्रेरित भएर जीवन बिताएका धेरै व्यक्तिको सम्मेलनमा भएको उपस्थितिले बुद्धको वरिपरि आफू रहेको अनुभूत भएको उल्लेख गरेका थिए । उनले बुद्ध व्यक्तिभन्दा पनि विचार हो भन्ने आफूलाई लागेको बताएका थिए । रासस

## चिनियाँ नागरिकको उद्धार गर्न नौसेना परिचालन

बेइजिङ, १४ वैशाख/एएफपी

चीनले द्वन्द्वग्रस्त सुडानबाट करीब आठ सय नागरिकको उद्धार गर्न नौसेना परिचालन गरेको रक्षा मन्त्रालयले जनाएको छ । सोमवार मध्यरातदेखि युद्धविराम लागू भएपछि जनमुक्ति सेना आफ्ना नागरिकको उद्धारमा जुटेको हो । रक्षा मन्त्रालयले परिचालन हुने नौसेनाका जहाज र सैनिकबारे विस्तृत विवरण सार्वजनिक गरेको छैन ।

संयुक्त राज्य अमेरिका र साउदी अरबको मध्यस्थतामा सुडानी सशस्त्र बल (एसएएफ) र र्‍यापिड सपोर्ट फोर्सेस (आएसएफ) ७२ घण्टा युद्धविराम गर्न सहमत भएपछि विश्वका विभिन्न मुलुकले दूतावासका कर्मचारी र नागरिकलाई सुडानबाट सतह, हवाई र समुद्री मार्गबाट उद्धार गरिरहेका छन् ।

दश दिन लामो युद्धबाट तहसनहस भएको राजधानी खार्तुममा खाद्यान्न, औषधि, पानी र इन्धनको चरम अभाव भएको छ । सन् २०२२ को मध्यसम्ममा १३० भन्दा बढी चिनियाँ कम्पनीले सुडानमा लगानी गरेकाले त्यहाँ एक हजारको हाराहारीमा चिनियाँ नागरिक रहेका अनुमान गरिएको छ । चीनले सुडानलाई अफ्रिकामा आफ्नो सबैभन्दा ठूलो व्यापारिक साझेदार भएको बताएको छ ।

युद्धविरामको अवधि समाप्त हुनुअघि नै सुडानबाट कम्तीमा आठ सय चिनियाँ नागरिकलाई समुद्रीमार्गबाट उद्धार गर्ने लक्ष्य रहेको विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले बताएकी छन् । रक्षा मन्त्रालयका प्रवक्ता तान केफेईले पनि सुडानको अवस्था बिग्रँदै गएकोले त्यहाँबाट आफ्ना नागरिकलाई यथासक्य चाँडो उद्धार गर्न नौसेना प्रतिबद्ध रहेको बताएका छन् ।

चिनियाँ नागरिकको जीवन र सम्पत्ति रक्षार्थ सुडानका निम्ति नौसेना परिचालन गरिएको उनले बताएका छन् । प्रवक्ता तानका अनुसार गत सोमवार नै करीब तीन सय नागरिक सतहमार्ग भएर सुडानबाट बाहिरिएका छन् ।

सुडानको रक्षा मन्त्रालयका अनुसार दश दिने युद्धमा ५१२ जनाको ज्यान गएको छ भने चार हजारभन्दा बढी घाइते भएका छन् । ग्रेटर खार्तुमका केही भागका भवन भग्नावशेषमा परिणत भएका छन् । राजधानी खार्तुमको अन्तर्राष्ट्रिय विमानस्थल बन्द भएकोले धेरै विदेशीले आफ्ना नागरिकलाई वैकल्पिक अन्य मार्गबाट उद्धार गरेका छन् । उद्धारका निम्ति खार्तुमबाहिरका साना ‘एयर स्ट्रिप’हरू प्रयोग गरिएका छन् । खार्तुमबाट ८५० किलोमिटर टाढा रहेको सुडान पोर्टबाट पनि उद्धारका काम युद्धस्तरमा भइरहेका छन् ।

संयुक्त राष्ट्रसङ्घीय निकायहरूले सुडानीहरू चाड, इजिप्ट, दक्षिण सुडानलगायत स्थानतर्फ भागेका बताएका छन् ।

इन्डोनेशियाली सेनाले बुधवार सुडान पोर्टबाट ११० जना आफ्ना नागरिकलाई उद्धार गरी साउदी अरबको जेद्दा पुऱ्याएको छ । हालसम्म ६६७ जना इन्डोनेशियाका नागरिकको उद्धार भइसकेको छ । रासस

## बलुचिस्तान भिडन्तमा छजना प्रहरी मारिए

इस्लामाबाद, १४ वैशाख/सिन्हवा

पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा बुधवार अपराह्न भएको भिडन्तमा छजना प्रहरी मारिएका छन् भने अन्य दुईजना घाइते भएका छन् ।

प्रान्तीय गृहमन्त्री जियाउल्ला लाङ्गोवेका अनुसार जाफराबाद जिल्लामा आपराधिक समूहसँग भएको झडपमा ती सुरक्षाकर्मीले ज्यान गुमाएका हुन् । लुटपाट र अन्य जघन्य अपराधमा संलग्न समूहको खोजीमा रहेको प्रहरी टोलीमाथि आक्रमण भएको थियो ।

प्रहरीले घटनास्थल र वरपरको क्षेत्रमा घेरा हालेर उक्त समूहको खोजी अभियान जारी राखेको छ । आक्रमणमा घाइते भएका प्रहरीको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । केही आक्रमणकारी भागेका र उनीहरूको पनि खोजतलाश भइरहेको गृहमन्त्री लाङ्गोवेले बताएका छन् ।

**सडक दुर्घटनामा ११ जनाको मृत्यु**

यसैबीच, छिमेकी अफगानिस्तानको उत्तरी बाल्ख प्रान्तमा बुधवार भएको सडक दुर्घटनामा परी कम्तीमा ११ जनाको मृत्यु भएको तथा अन्य नौजना घाइते भएका प्रान्तीय प्रहरी प्रवक्ता मोहम्मद आसिफ बाजिरीले बताएका छन् ।

नहरए शाही जिल्लामा भएको उक्त दुर्घटनामा केही महिला र बालबालिकासहित ११ जनाले ज्यान गुमाएका छन् । घाइतेमध्ये केहीको अवस्था गम्भीर छ । गत आइतवार यता अफगानिस्तानमा भएका सडक दुर्घटनामा यो पाँचौं हो । गत मङ्गलवार पश्चिम बाघिस प्रान्तमा यस्तै दुर्घटनामा पाँचजनाले ज्यान गुमाएका थिए भने सोमवार बागलान प्रान्तमा भएको अर्को दुर्घटनामा छजनाको मृत्यु भएको थियो । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — उदरपीडा | वृष — मित्रमिलन |
| मिथुन — अतिथिआगमन | कर्कट — सुयश |
| सिंह — खर्चवृद्धि | कन्या — धनलाभ |
| तुला — सफलता | वृश्चिक — राज्यलाभ |
| धनु — रोगभय | मकर — व्यापारवृद्धि |
| कुम्भ — शत्रुपराजय | मीन — ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## मधेसमा प्रदेशस्तरमैं अनलाइन दर्ता

जनकपुरधाम, १४ वैशाख/रासस

सङ्घीयता कार्यान्वयनमा आइसक्दा पनि अनलाइन मिडिया दर्ता तथा नवीकरणका लागि सङ्घीय राजधानी काठमाडौं धाउनुपर्ने बाध्यता रहेकामा मधेस प्रदेशमा भने यससम्बन्धी सम्पूर्ण काम प्रदेशस्तरमैं भइरहेको छ ।

अनलाइन मिडिया दर्ता तथा नवीकरणका लागि सङ्घीय सरकार अन्तर्गतको सूचना तथा प्रसारण विभागमा दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकरण गर्न काठमाडौं धाउनुपर्ने बाध्यता अन्त्य गर्दै हाल प्रदेशस्तरमैं अनलाइन मिडिया दर्ता शुरू गरेको आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले जानकारी दिए ।


तस्वीरः फाइल

प्रदेश सञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को व्यवस्था अनुसार विगत ११ महीनादेखि दर्ता शुरू भएकामा हालसम्म २२ अनलाइन सञ्चारमाध्यम प्राधिकरणमा दर्ता भएका छन् ।

“प्रदेश सञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा २० ले प्रदेशमैं अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न चाहनेले तोकिएको विवरणसहित प्राधिकरणमा दर्ता तथा अभिलेखीकरण गराउनुपर्ने व्यवस्था गरेको छ,” अध्यक्ष यादवले भने ।

सङ्घीय कानून संशोधन भएमा मधेस प्रदेशलाई लक्षित गरी यसअघि केन्द्रमा दर्ता भएका अनलाइनका फाइल प्रदेशमा मगाउने प्रक्रिया शुरू गर्ने उल्लेख गर्दै उनले यसबाट नियमन, लोककल्याणकारी विज्ञापन वितरण र अन्य क्षमता विकासका काम गर्न सहज हुने बताए । प्राधिकरणको तथ्याङ्क अनुसार मधेस प्रदेशबाट सञ्चालन हुने भनी हाल केन्द्रमा दर्ता भएका अनलाइनको सङ्ख्या १६४ भन्दा बढी छ । केन्द्रमा सङ्घीय सरकार अन्तर्गतको विभागमा दर्ता र काउन्सिलमा सूचीकरण गरे जस्तै मधेस प्रदेशमा प्राधिकरणमा अनलाइन दर्ता गरी मधेस प्रदेश मिडिया काउन्सिलमा सूचीकरण गर्ने काम भइरहेको छ ।

काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दासले यसरी प्रदेशस्तरमैं अनलाइन दर्ता भएपछि अनुगमन, नियमन तथा अन्य कार्य गर्न सहज हुने बताए । “स्वच्छ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकासका लागि काउन्सिलले काम गर्ने क्रममा मिडियाले आचारसंहिता पालना गरे नगरेको विषयमा पनि अनुगमन गर्नुपर्छ,” उनले भने, “प्रदेशस्तरमैं अभिलेख र सूचीकरण भएपछि यहीबाट आवश्यक कार्य गर्न हामीलाई सहज भइरहेको छ ।” उनले दर्ता र अन्य हिसाबले केन्द्र सरकारका निकायप्रति जवाफदेहिता हुने भएपछि प्रदेशमा स्थापित मिडिया क्षेत्र सम्बद्ध संस्थालाई त्यस्ता माध्यमका बारेमा केही जानकारी नहुने हुँदा कामकारबाई गर्न कठिन हुन्छ भन्ने कुरा भर्खरै सम्पन्न बारा निर्वाचन क्षेत्र नं २ को उपनिर्वाचनबाट सिकाइ भएको बताए । अब अरू मिडियालाई पनि प्रदेश सरकार र प्रदेश सरकारका निकायसँग कुनै न कुनै रूपमा जोडिने गरी सङ्घीय कानूनमा संशोधन आवश्यक रहेको दासको भनाइ छ ।

प्राधिकरणका प्रशासकीय प्रमुख उपेन्द्रकुमार सिंह प्रदेशस्तरमा एकअर्काप्रति जवाफदेहिता सिर्जना गर्ने मात्र नभई आफ्नो प्रदेशमा सञ्चालित मिडियाको दिगो व्यवस्थापनका लागि योजना बनाउन पनि कुनै न कुनै रूपमा मातहतका जिल्लामा सञ्चालित मिडियाको समन्वय प्रदेशसँग हुनेगरी कानूनी व्यवस्था हुनुपर्ने बताउँछन् । “हाल प्रदेशस्तरमा अनलाइन दर्ता शुरू भएको छ ।”

आगामी आर्थिक वर्षमा यहाँ दर्ता भएका अनलाइनलाई पनि लोककल्याणकारी विज्ञापनलगायत अन्य व्यवस्थापकीय सुधार र दक्षता अभिवृद्धिका काममा ऐन नियम बनाउन र भएकै ऐन नियम संशोधन गरी आवश्यक काम गर्न सघाउ पुग्ने सिंहले बताए ।

मधेस प्रदेशबाहेक वाग्मती प्रदेश अन्तर्गतको सञ्चार रजिस्ट्रारको कार्यालयले अनलाइन दर्ता शुरू गरेको भनिए पनि सूचीकरणका लागि भने प्रेस काउन्सिल नेपाल काठमाडौंमैं धाउनुपर्ने अवस्था छ । मधेस प्रदेशमा हाल १२ टेलिभिजन, १०७ एफएम रेडियो र करीब आठ सयभन्दा बढी पत्रपत्रिका दर्ता छन् भने १७२ पत्रपत्रिका प्रेस काउन्सिल नेपालको वर्गीकरण प्रक्रियामा समावेश रहेको प्राधिकरणले जनाएको छ ।

पाँचभाइ ...

हुने खेतमा भकुण्डेबाट आएर तीन खेती गर्न सम्भव नभएको र धानखेती मात्रै गर्दा २५ देखि ३० मुरी धानले खनजोत र खेतालाको रकमसमेत नउठ्ने भएकाले सुन्तलाखेतीमा लागेको अर्का भाइ केशव शर्माले बताए ।

“धानखेतीमा भन्दा सुन्तलामा राम्रो आम्दानी हुन्छ भन्ने हाम्रो निर्णय भयो र अहिले सबै बगैंचामा रु पाँच लाख लगानी भइसकेको छ, सिगानाका उन्नत जातका बिरुवा मापदण्ड अनुसार खाडल खनेर लगाइएको छ,” उनले भने, “बागलुङ बजारबाट नजीकै रहेको तित्याङमा नमूना सुन्तला बगैंचा बनाएर कृषकहरूका लागि अध्ययन अवलोकनको केन्द्रसमेत बनाइने लक्ष्य छ ।”

एक/एक मिटर लामो र गहिरो खाडलमा गोबर मल हालेर पाँच मिटरको फरकमा सुन्तलाका बिरुवा लगाइएको छ । शुरूमा सुन्तलाखेतीलाई बढी मेहनत गर्न परे पनि बिरुवा हुर्किएपछि समस्या नहुने कृषक केशवको भनाइ छ । सुन्तला फार्ममा एकजनालाई रोजगार दिनेगरी पाँचभाइबीच सल्लाह भइरहेको छ ।

एकीकृतरूपमा सुन्तलाखेती गर्दा सुरक्षा, सिंचाइ तथा मलजलमा सहज हुनेछ । १८ रोपनी जग्गामा फैलिएको सुन्तला बगैंचालाई ‘आरम्भ एकीकृत कृषि फार्म’ नामकरण गरेर दर्ता गरिएको छ । उक्त बगैंचालाई तारबार गर्न आवश्यक रहेको सुन्ताला किसानहरूको भनाइ थियो । सुन्तला किसानलाई बगैंचा व्यवस्थापन तथा औषधि र उपकरणमा अनुदान दिन सकिने कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले जानकारी दिए ।

चलचित्र ...

आफ्नो संस्कृतिलाई सरल ढङ्गले कोरेका छन् । व्यावसायिक बनाउन अनावश्यक मसलाको प्रयोग गरिएको छैन । अर्थात् विशुद्ध अर्गानिक छ ‘जारी’ । कथामा मौलिकता छ । चलचित्रको पहिलो दृश्यमैं पटकथाकारसमेत रहेका निर्देशक सुब्बाले द्वन्द्व स्थापित गर्न सफल भएका छन् । त्यसलाई अगाडि बढाउन उनले फाल्तु दृश्यलाई जोडेका छैनन् । कथा शुरूदेखि नै द्रुत गतिमा अगाडि बढेको छ । नाम्साङ खराब होइनन् तर उनको रिस सही छैन । हाङ्मा पनि उस्तै छिन् । निर्देशक सुब्बाले दुईबीचको अव्यक्त प्रेमलाई दृश्यमार्फत स्थापित गरेका छन् ।

पहिलो दृश्यपछि दुवै बोल्दैनन् । तर उनीहरूबीचको प्रेमलाई दर्शकले पर्दा बाहिर पनि महसूस गर्छन् । उनीहरूको अनुहारमा झल्किने प्रेम लुक्दैन । तर व्यक्त पनि हुँदैन । उनीहरूबीच संवाद कसरी होला ? भन्ने दर्शकको जिज्ञासा सरलरूपमैं निर्देशकले मेटाएका छन् । यो उनको सरलतासँगै दृश्य भाषाको ज्ञानका कारण सम्भव भएको हो । यस्ता थुप्रै दृश्य छन्, ती दृश्यले सोझै दर्शकसँग संवाद गर्छन् ।

पर्दामा देखिने पात्रको सुख र दुःखसँगै दर्शकलाई यात्रा गराउन सक्नु नै निर्देशकीय सशक्तता हो । निर्देशक सुब्बाले लेख्ने क्रममा ठूला संवादको प्रयोग नगरेर नै लिम्बू लवज र मिठास भर्न सफल भएका छन् । चलचित्र हेरिरहँदा देखिने दृश्य र प्रयोग हुने ध्वनिले आनन्द दिन्छ । गीतले कथालाई अगाडि बढाउँछ । त्यो मनोरञ्जनका लागि मात्र राखिएको छैन । कथालाई लयमा बगाउन झुमा लिम्बू र गङ्गा थापा तारिफ गर्न लायक छन् ।

कलाकारको अभिनय यो फिल्मको अर्को अब्बल पक्ष हो । अभिनेता राईले नाम्साङ पात्रलाई जीवन्त बनाएका छन् । पहिलो दृश्यमा उनमा देखिएको रिस धेरै समयसम्म कायम रहन्छ । यस्तै, अभिनेत्री मगर चलचित्रमा शालीन देखिएकी छन् । उनले प्रतिकार गर्दिनन् तर उनको सहनशीलताले दर्शकको मन चसक्क बनाउँछ । अभिनेता विजय बरालले मङ्गल सिंहको पात्रमार्फत बाहुन र लिम्बू दम्पतीबाट जन्मिएको सन्तानको सामाजिक परिवेश झल्काउन सफल भएका छन् । काव्यिक चलचित्रको संज्ञा पाएको ‘जारी’मा जनजाति महिलाको विद्रोहको फरक आयाम पस्कने प्रयास गरिएको छ ।

नेपाल जातजाति, भाषा, संस्कार–संस्कृति र सामाजिक परिवेशका लागि धनी छ भन्ने यथार्थलाई चलचित्रमार्फत प्रस्तुत गरिएको छ । निर्देशक सुब्बाले लिम्बू जातिको संस्कार–संस्कृतिलाई समयसँगै सकुशल वर्तमान युगमा अवतरण गराउन सफल भएका छन् । यद्यपि कमीकमजोरी नै नभएको चलचित्र भने होइन । विविध कमजोरीका बावजूद यो राम्रो पक्ष धेरै भएको चलचित्र हो । विशेषतः मध्यान्तरअघि यसलाई छोटयाउने ठाउँ छ । तर निर्देशक सुब्बाले त्यसमा जाँगर चलाएका छैनन् । कथामा नाम्साङ र हाङ्माको परिवारलाई देखाउँदा उनीहरूसँगै जोडिने समाज र समयकाललाई दृश्यमार्फत स्थापित गर्न निर्देशक सुब्बा चुकेका छन् ।

यद्यपि, यो चलचित्रले कलात्मक र व्यावसायिक दुवै मन पराउने दर्शकलाई चलचित्र भवनसम्म ल्याउने ल्याकत देखाइसकेको छ । मसालेदार र कलात्मक भनेर विभाजित हुने दर्शक चलचित्र हेर्न सँगै देखिएका छन् । यो निर्माता, निर्देशक र कलाकारको ठूलो सफलता हो । कालोपोथी, सेतो सूर्य र ऐना झ्यालको पुतलीले प्रदर्शनका लागि गर्नुपरेको सङ्घर्ष ‘जारी’ले सोच्नै परे । यसले कलात्मक चलचित्रको व्यावसायिक पक्षको सबलतालाई समेत प्रमाणित गरेको छ । यो चलचित्रको महत्त्व वर्तमान समयभन्दा पनि भविष्यमा धेरै हुनेछ ।

‘कबड्डी’ शृङ्खलाका निर्देशक रामबाबू गुरुङ निर्माता रहेको यस चलचित्रमा अभिनेता राईसँगै अभिनेत्री मिरुना मगर, प्रेम सुब्बा, विजय बराल, कमलमणि नेपाल, रोयदीप श्रेष्ठ, रेखा लिम्बू, अनिल सुब्बा, पुष्कर गुरुङ, उपासना नेम्वाङलगायतका कलाकारको अभिनय रहेको छ । कार्यकारी निर्माता मणिराम पोखरेल रहेको चलचित्रलाई स्टेशन फाइभले वितरण गरेको हो ।

# सूचनाका लागि एक महीनादेखि रिले अनशन

प्रस, रौतहट, १४ वैशाख/

संवाद, सहअस्तित्व र सौहादर्ताको अभावमा सूचनाका लागि रौतहटको वृन्दावन नगरपालिकाअगाडि शुरू भएको २४ घण्टे रिले अनशन एक महीना नौ दिन पुगेको छ।



तस्वीर: प्रतीक

अनशनकारीले माग गरेबमोजिमको १४ बुँदे सूचना उपलब्ध गराउन कार्यालयतर्फबाट पहल नभएको भन्दै अनशनकारीले दुःख व्यक्त गरेका छन्। जनप्रतिनिधि तथा जनताले मागेका सूचना दिन आलटाल गर्नुको साथै कार्यपालिका बैठकमा पनि नगरप्रमुख विनोदराउत कुर्मीले सन्तोषजनक जवाफ नदिएपछि रिले अनशन बसेको वडा नं ४ का अध्यक्ष श्यामप्रसाद यादवले बताए। अनशन बसिरहेका जनप्रतिनिधिसँग भेटेर काम गर्ने वातावरण बनाइदिन अनुरोध गरेको प्रमुख प्रशासकीय अधिकृत ओमप्रसाद पाण्डेयले बताए।

नगरप्रमुख पटेल तथा अनशनकारीबीच सहमतिको अवस्था नदेखेपछि प्रमुख प्रशासकीय अधिकृत पाण्डेयले दुवै पक्षलाई जनताको काममा सहजता प्रदान गर्न आग्रह गरे। यसअघिका प्रमुख प्रशासकीय अधिकृत खिमबहादुर भुजेलउपर करोडौं रकम भ्रष्टाचार गरेको तथा अनशनकारी लगायतका सरोकारवालासँग समन्वय नगरेको आरोप लागेपछि मन्त्रालयले अन्यत्र सरुवा गरेको थियो। प्रमुख प्रशासकीय अधिकृत पाण्डेय वृन्दावन आउने पक्कापक्की भएपछि अनशनकारी सूचना पाउनेमा ढुक्क थिए। पाण्डेय हाजिर भएकै दिन अनशनकारीलाई भेटी सबै सूचना दिन्छु भनी प्रतिबद्धतासमेत व्यक्त गरे। तर हिजोदेखि प्रमुख प्रशासकीय अधिकृत पाण्डेयले समेत कुरा फेरेकोमा दुःख लागेको नेकपा एमालेका नेता तथा नगरप्रमुख पदका उम्मेदवार प्रेमशङ्कर यादवले आरोप लगाए। दुःखका साथ भन्नुपरिरहेको छ रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रअगाडि प्रमुख प्रशासकीय अधिकृत पाण्डेयले भनेको कुरा पनि फेरेको उनले बताए। नगरपालिकाका पूर्वप्रमुख रामस्नेही यादवले नगरप्रमुख कुर्मीमा नैतिकता नरहेको, आफूले जे बोल्दैछु त्यही सही हो, आफूलाई राजा ठान्नेले थोरै समयमा करीब १० करोड भ्रष्टाचार गरेको आरोप लगाए। नगरप्रमुख कुर्मीले भ्रष्टाचार गरेका व्यक्तिहरू आफूलाई चोखो बताउन रिले अनशनमा बसेको आरोप लगाए। पाँच वर्ष नगरप्रमुख बस्दा १०औं पटक आफूले सूचना माग्दा उनीहरूले नदिएको बताए। विकास गतिविधि प्रायः ठप्प भएको कुनै पनि योजना कार्यको आदेश तथा सम्झौता गर्न नपाएको बताए। सूचना अधिकारीमार्फत सूचना लिएर पनि रिले अनशन जारी राखेकोमा दुःख व्यक्त गर्दै नगरप्रमुख कुर्मीले विकास निर्माण तथा नदीजन्य वस्तुको राजस्व सङ्कलन हुने समयमा रिले अनशन गरेर विपक्षीको दुःख दिने मनसाय मात्र रहेको बताए। चैत ७ गतेदेखि शुरू रिले अनशनको एक महीना नौ दिन पुगेको छ। वृन्दावन नगरपालिका वडा नं २, ३, ४ र ५ का गरी चारजना वडाध्यक्ष र नगरप्रमुख पदका तीनजना उम्मेदवार रिले अनशनमा छन्।

# अहमदिया सङ्घको इद मिलन समारोह

प्रस, वीरगंज, १४ वैशाख/

अहमदिया सङ्घ नेपालको आयोजनामा विन्ध्यवासिनी गाउँपालिकाको प्रसौनीमा इद मिलन समारोह बुधवार राति सम्पन्न भएको छ।




तस्वीर: प्रतीक

कार्यक्रमका प्रमुख अतिथि सांसद राजकुमार गुप्ताले नेपाल धर्मनिरपेक्ष भएकोले सबै धर्मको सम्मान सबैले गर्नुपर्ने बताए। उनले हरेक वर्ष विभिन्न कार्यक्रम गर्दै आएको अहमदिया सङ्घले यस क्षेत्रमा खेलेको भूमिका सराहनीय भएको बताए। आफ्नो धर्मजस्तै अन्य धर्मलाई पनि उचित सम्मान दिएमा सबैको सहयोग मिल्ने बताए।

अहमदिया सङ्घ नेपालका अध्यक्ष कमरूल होदा अन्सारीले १३० वर्ष पहिले भारतको पञ्जाबमा स्थापना भएको अहमदिया सङ्घ हालसम्म विश्वको २२४ देशमा सङ्गठन विस्तार भइसकेको जानकारी गराएका थिए।

अन्सारीको अध्यक्षतामा शुरू भएको कार्यक्रममा पूर्व प्रदेशसभा सदस्य प्रह्लाद गिरी, पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, प्रहरी उपरीक्षक कोमल शाह, विन्ध्यवासिनी गापाका अध्यक्ष प्रमोद तिवारी, पूर्वउपाध्यक्ष किरण देवी गुप्ता, भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत शशिभूषण प्रसाद, अहमदिया सङ्घ पर्साका इन्चार्ज हासिम अहमद, युवा सङ्घका राष्ट्रिय अध्यक्ष सलीम अहमद, हाफिज मोहम्मद अब्दुल कलाम, मौलवी सिराज अहमदलगायतको सहभागिता थियो।




- अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा प्रदान गरौं।
- अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य तथा शिक्षाको अवसर उपलब्ध गराऔं।
- अपाङ्गता भएका व्यक्तिको सीप र क्षमता विकास गरी आर्थिक क्रियाकलापमा सहभागी बनाऔं।
- अपाङ्गता भएका उद्यमीको उत्पादनलाई एकीकृत बजारीकरण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## लामिछानेको उत्कृष्ट प्रदर्शनमा नेपाल समूह विजेता

काठमाडौं, १४ वैशाख/रासस

एसिसी मेन्स प्रिमियर कप क्रिकेट प्रतियोगितामा नेपाल समूह 'ए'को समूह विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको छ।



तस्वीर सौजन्यः एसिसी

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा बिहीवार भएको खेलमा सन्दीप लामिछानेको उत्कृष्ट प्रदर्शनमा नेपालले कतारलाई ६८ रनले पराजित गर्दै समूह 'ए'को विजेता बन्न सफल भयो।

नेपाल समूह चरणमा अपराजित रह्यो। जीतसँगै नेपालले चार खेलबाट सात अङ्क जोड्यो। समूहमा 'ए'मा रहेको ओमान छ अङ्कका साथ उपविजेता बन्यो। नेपालले पहिलो खेलमा मलेशियालाई छ विकेटलले पराजित गरेको थियो भने दोस्रो खेलमा ओमानलाई ८४ रनले हराएको थियो। साथै नेपालले साउदी अरेबियासँग वर्षाको कारण अङ्क बाँडेको थियो।

आजको खेलमा नेपालले दिएको १५८ रनको लक्ष्य पछ्याएको कतार २५ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ८९ रनमा समेटियो। कतारका लागि तीन खेलाडीले मात्र दोहारो अङ्कमा रन बनाए। खुर्रम शाहजाद र जाहिर इब्राहिमले समान १५/१५ रन जोडे भने अमिर फरिकले १४ रन बनाए।

कतारलाई सस्तैमा समेट्ने क्रममा नेपालका सन्दीप लामिछानेले पाँच विकेट लिए भने सोमपाल कामीले तीन विकेट लिए। त्यस्तै, ललितनारायण राजवंशीले दुई विकेट लिए।

टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ४० दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै १५७ रन बनाएको थियो।

नेपालका लागि सन्दीप लामिछानेले सर्वाधिक ४२ रनको योगदान दिए। त्यस्तै, कप्तान रोहितकुमार पौडेलले २७ रन, आशिफ शेखले १९ रन, दीपेन्द्रसिंह ऐरीले १२ र सोमपाल कामी र आरिफ शेखले ११/११ रन बनाए।

कतारका लागि अमिर फारिक र ओवाइस अहमदले समान तीन/तीन विकेट लिए भने गयान मुनबाराले दुई विकेट लिए।

# खैरो हेरोइनसहित भारतीय पक्राउ

प्रस, वीरगंज, १४ वैशाख/

जीतपुरसिमरा उपमहानगरपालिका–२१ अमलेखगंजबाट लागूऔषध खैरो हेरोइनसहित एकजना भारतीयलाई प्रहरीले पक्राउ गरेको छ।

बिहीवार बिहान वीरगंजबाट हेटौंडातर्फ जाँदै गरेको ना.१ज२०८६ नम्बरको टाटासुमोमा सवार भारत, गोरखपुर, खजुरी ग्राम पञ्चायत बस्ने ६० वर्षीय सन्तोषकुमार त्रिपाठीलाई लागूऔषध हिरोइनसहित पक्राउ गरेको बारा प्रहरीले जनाएको छ। त्रिपाठीले दुवै खुट्टामा दुई/दुई पोका गरी चार पोका (दुई सय ग्राम) खैरो हिरोइन इलास्टिकले बाँधी लुकाएको अवस्थामा बरामद भएको प्रहरीले जनाएको छ।



तस्वीर: सौजन्य

# किशोरीहरूलाई बाख्रा वितरण

प्रस, पोखरिया, १४ वैशाख/

क्याप्टिभेटिङ इन्टरनेशनल फाउन्डेशनको सहयोग र आसमान नेपालको आयोजनामा सञ्चालित बालिकालाई पछाडि नपारौं परियोजना अन्तर्गत बिहीवार ठोरी गाउँपालिका–३ स्थित किशोरी सिकाइ केन्द्रका किशोरीहरूलाई बाख्रा वितरण गरिएको छ।



तस्वीर: प्रतीक

आसमान नेपालले विद्यालयबाहिर रहेका किशोरीहरूका लागि नौ महीनासम्म सिकाइ केन्द्रमार्फत औपचारिक शिक्षा दिएको थियो। औपचारिक शिक्षा लिएका चारजना किशोरीलाई दुई/दुईवटाका दरले बाख्रा वितरण गरिएको थियो।

कार्यक्रममा प्रमुख अतिथि ठोरी गापाकी उपाध्यक्ष गोकुलीकुमारी रेग्मीले बाख्रापालनबाट मनग्य आम्दानी हुने बताइन्। उनले ठोरीमा बाख्रापालन गर्न चरिचरन र घाँसहरू सहजै पाउने भएकाले यो व्यवसाय गर्न सुझाव दिइन्। बाख्रापालनका लागि घाँस, औषधि पालिकाले उपलब्ध गराउने उनले बताइन्। ज्ञानुमाया जोशीको अध्यक्षतामा भएको कार्यक्रममा वडासदस्य टीकाबहादुर श्रेष्ठ, स्वास्थ्य चौकी ओडारका प्रमुख फजिल अहमदले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रम सञ्चालन आसमान नेपाल ठोरी पालिकाका संयोजक धर्मेन्द्र चौरसियाले गरेका थिए।

## कर्मचारीले राजनीति ...

विवादका बीच गापाको कामकाज सञ्चालन भइरहेको छ। बजेट जथाभावी खर्च भइरहेको कर्मचारी बताउँछन्। पुरानै जनप्रतिनिधिले ल्याएको बजेट अहिले सञ्चालन भइरहेको छ तर दोस्रो गाउँसभा अहिलेसम्म हुन सकेको छैन।

गत वर्ष सरुवा भई आउने बित्तिकै प्रमुख कार्यकारी अधिकृत अमित गिरीलाई एक पक्षले सरुवा गराउन पहल शुरू गरेपछि विवाद शुरू भएको थियो, जुन अहिलेसम्म चल्दैछ। सरुवा गराउने पक्ष पछिल्लो चुनावमा पराजित भएपछि बहुमत उनीहरूको हातमा रहेकोले सबै काममा विरोध हुँदै आएको छ। अहिलेसम्म कार्यालय प्रमुख गिरी गापाको कार्यालयमा गएका छैनन्। गापाध्यक्ष वशिष्ठ गुप्तासँग पनि उनको राम्रो सम्बन्ध छैन। विवादका कारण जथाभावी बजेट खर्च भइरहेको कर्मचारीहरूले बताएका छन्।

पोखरिया नगरपालिकामा चालू आवमा तीनजना प्रमुख प्रशासकीय अधिकृत फेरिएका छन्, जसले गर्दा निमित्तको भरमा कार्यालय सञ्चालन भइरहेको छ। केही समयअघि मन्त्रालयबाट सरुवा भइआएका अधिकृत नपामा रहेको भद्रगोलका कारण हिंडेका थिए। विनातोकआदेश लाखौंको भुक्तानी दिनुपरेको भन्दै लेखा अधिकृतले सरुवा लिई वीरगंज महानगरपालिकामा आएका छन्।

## वन क्षेत्रको अतिक्रमण ...

जति जिम्मेवारी रहन्छन्, त्यसभन्दा बढी जनप्रतिनिधिहरूको पनि जिम्मेवारी रहने वक्ताहरूले बताए। वन कर्मचारी, सुरक्षाकर्मी, प्रशासन निकायका कर्मचारीहरू एक/दुई वर्ष जिल्लामा कार्यरत रहने र अन्य जिल्लाहरूमा सरुवा हुने भएकाले वन क्षेत्रको संरक्षणमा स्थानीय तहका जनप्रतिनिधि, आम नागरिक चनाखो भई कानूनविपरीत कार्यलाई निरुत्साहित गर्न निरन्तर अग्रसर हुनुपर्ने जिल्ला वन सुरक्षा समन्वय समितिका अध्यक्ष एवं बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले बताए।

वनको संरक्षणले स्वच्छ वातावरण, पर्यावरण, प्रकृति संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले वन क्षेत्रको संरक्षणमा सबैले आआफ्नो हिसाबले जुट्नुपर्ने प्रजिअ सापकोटाले बताए।

प्रजिअ सापकोटाको अध्यक्षतामा बसेको बैठकमा डिभिजन वन प्रमुख विनोद सिंह, कोल्हवी नगरपालिकाका प्रमुख रामप्रसाद चौधरी, वडाध्यक्ष नन्दकिशोर चौधरी, जिल्ला प्रहरी कार्यालय, बाराका प्रमुख होविन्द्र बोगटी, सशस्त्र प्रहरी गण बाराका प्रमुख टोपबहादुर डाँगी, राष्ट्रिय अनुसन्धान कार्यालय, बाराका प्रमुख अभिनय सिंहलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण जवाहरलाल प्रसाद कुर्मीले गरेका थिए।